# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

शिक्षा भनेको व्यक्तिमा अन्तरनिहित भावनाहरुलाई बाहिर ल्याउन र प्रस्फुटन गराउनु हो । व्यक्तिका अन्तरनिहित भावनाहरुलाई उजागर गराउन वा प्रस्फुटन गराउन शिक्षामा औपचारिक, अनौपचारिक अतिरिक्त पद्धति र माध्यमको प्रयोग गरिन्छ । खसगरी प्राचिन कालमा शिक्षा प्राप्त गर्न औपचारिक पद्धतिको विकास नभएकोले हुँदा अनौपचारिक शैलीबाट शिक्षा प्राप्त गर्ने गरिन्थ्यो । १९ औं शताब्दिबाट शिक्षालाई व्यवस्थित ढंगले प्रक्रियाहरु अवलम्वन गर्न थालियो । (काफ्ले र पौडेल, २०६४)

जन्मेदेखि नमरुन्जेलसम्म मानवले जीवनको विभिन्न चरणहरुमा विभिन्न कुराहरु सिकी आफ्नो समुदाय, राष्ट्र र विश्वका निमित्त अति महत्वपूर्ण देन दिन सक्छ । मानवलाई सक्षम, योग्य, आत्मविश्वासले पूर्ण र जिम्मेदार बनाउन उसलाई उचित शिक्षा-दिक्षाको आवश्यकता पर्दछ । (महर्जन र महर्जन, २०५३)

जुनसुकै मुलुकको समाजको विकासको मुल आधार शिक्षा हो भन्ने कुरा सर्वव्यापी मान्यता हो । हाम्रो समाजको शैक्षिक अवस्थालाई केलाउँदा गुरुकुल शिक्षा एउटा अध्यात्मिक आदर्शवादी मान्यतामा आधारीत थियो भने राणाकालीन अवस्थामा शिक्षा सिमित व्यक्ति तथा अभिजात वर्गमा मात्र रहेको थियो । सन् १९६० को दशकमा शिक्षा सार्वजनिक विषय वस्तु हो भन्ने मान्यता पश्चिम मुलुकहरुले ल्याएपछि नेपालमा पनि विद्यालय र कलेजहरु विस्तार भएको पाइन्छ । (शर्मा २०६९)

नेपालमा वि.सं. २०२८ देखि शिक्षाको योजनाहरु विकासका साथै शैक्षिक प्रविधिको विकासक्रममा अग्रगतिमा रहँदै आएको पाइन्छ । विद्यालयमा शैक्षिक सामाग्रीको निर्माण, शिक्षण तालिमका आवश्यक सामग्री मौजुदा हुनु व्यवसायिक तथा शिक्षक प्रशिक्षण समेत हुनु शैक्षिक प्रविधि विकासको उदाहरण मान्न सकिन्छ । (नकर्मी २०६३)

यसरी शैक्षिक प्रविधिमा विकास हुनुमा साक्षरताको स्तरमा केही प्रभाव र सुधार हुनु हो । साक्षरता भनेको के हो, भन्दा “एक सामान्य व्याख्यामा साक्षरता भनेको लेख्ने र पढ्ने ज्ञान भएकोलाई भनिन्छ । यदि पढ्न लेखन सक्छ भने त्यसलाई साक्षरता भनिन्छ र सेन्ससले पनि के भनेको छ भने जो कोही पनि पढ्न र लेख्नमा निपुणता हुनुलाई साक्षरताको स्तरमा मानेको छ । पढ्न र लेख्ने सक्नेहरुलाई साक्षरताको श्रेणीमा गणना गरीएको छ ।” (Manandhar and Shrestha 2003: 236)

नेपालको वि.सं. २०६८ सालको जनगणना अनुसार कुल जनसंख्या २,६४,९४,५०४ जना रहेको छ । जसमा कुल जनसंख्याको ६८.६% साक्षरतादर रहेका छन् । कुल जनसंख्या मध्ये मगरहरुको जनसंख्या १८,८७,७३३ जना रहेका छन् । जहाँ मगरहरुको साक्षरता दर ७.०८% रहेका छन् । ५ वर्ष देखि माथि पुरुष ६८,७३६ जना र महिला ८४,८९० जना जम्मा गरेर १,५३,६२६ जना साक्षर रहेका छन् । मगरभाषा बोल्नेको जनसंख्या ७,८८,५३० जना रहेका छन् । जनसंख्याको आधारमा सबैभन्दा ठूलो जनजातिको स्थान ओगट्न मगर जाति सफल रहेको देखिन्छ । (CBS, 2012)

नेपालले शिक्षा दिने कुराहरु साथै सम्पूर्ण जनसंख्यालाई शिक्षा अनिवार्य रुपमा दिनुपर्ने र लिनुपर्ने कुराहरु अन्तर्राष्ट्रिय स्तरमा सन् १९६५ मा जाहेर गरेको थियो । सवैलाई अनिवार्य रुपमा शिक्षा दिन्छु भन्ने कुरा १९६५ मा भएको कराँची सम्मेलनमा नेपालले आफ्नो प्रतिवद्धता पनि जनायो, तर त्यस प्रतिवद्धता भने जस्तो गरी सवै वर्ग, जाति, जनजातिमा त्यति लागनु हुन सकेको छैन । अहिले समग्रमा हेर्ने हो भने निरक्षकहरुको संख्या २००७ सालको जनसंख्या भन्दा अहिलेको जनसंख्यामा धेरै मात्रामा भेट्न सकिन्छ । (कोइराला, २०६४)

शोधपत्रका अनुसार शिक्षा सम्वन्धि कुरा गर्दा, आदिम, ऋषिकुल, देवकुल, राजकुल, पितृकुल र गुरुकुलको युगमा शिक्षा सामाजिक परिवर्तन भन्दा सामाजिक नियन्त्रणको माध्यम थियो । तर वर्तमान युगमा शिक्षा भनेको विज्ञान शिक्षा, व्यवसायिक शिक्षा तथा अनेकौं प्रकारका विशेषिकृत क्षेत्रको शिक्षा भन्ने वुभिन्छ । वास्तवमा आदिम युगमा शिक्षा विज्ञान र प्रविधि विकासका माध्यमहरुको स्रष्टा हो । समाजशास्त्री क्रन्सिस जे व्राउनका अनुसार शिक्षा त्यो प्रक्रिया हो, जसले सामाजिक व्यवहारमा परिवर्तन ल्याउँदछ । शिक्षाको कारणले परम्परागत, अन्धविश्वास, रुढीवादी कुरीती, कुसंस्कार लगात अभौतिक संस्कृति

माथिको विश्वासमा ठूलो परिवर्तन हुन जान्छ । मानिस संकुचित आदर्शबाट उदार व्यापक आदर्शहरुतिर अग्रसर हुन पुग्दछ । शिक्षावाटै समाज प्रतिविम्वित हुने गर्दछ । शैक्षिक परीवर्तन पछि नै सामाजिक परिवर्तन आउने गर्दछ । समाजमा भएको शैक्षिक अवस्थाले नै त्यस समाजको विकासको अवस्थालाई निर्धारण गर्दछ । शिक्षाका कारणले सामाजिक प्रगतिशिलता वढ्दछ । (सुवेदी, २०६७)

समाजमा शिक्षाको विकास औद्योगिक विकाससँगै आगमन भएको नागरिकहरुले पनि राज्यप्रति आफ्नो हक, अधिकार के हो भन्ने कुराहरु पनि शिक्षाबाट प्राप्त गरे भन्ने उल्लेखि गरेका छन् । शिक्षाको उद्देश्य पूरा गर्ने संस्थाहरु स्कुल, कलेज, विश्वविद्यालय हुन् । जुन औपचारिक संस्थाहरु  हुन् । आजको समयमा शिक्षा एउटा अनिवार्य रुपमा लिइन्छ । जुनको विषयवस्तु फराकिलो रहेको छ । मानवको विकासको इतिहास भन्नु नै शिक्षा हो । शिक्षाको आधार ब्रिटेनसँगै सुरुवात भएको हो । शिक्षाको उत्तरदायित्व भनेको १८७०-१८८० सम्म अनिवार्य शिक्षामा सहभागी वनाउनु थियो । राज्यको दायित्व भन्नु नै १९१८ सम्म माध्यमिक शिक्षाको उपलब्ध गराउनु थियो । साथै अनिवार्य रुपमा विद्यालय सहभागी हुनुपर्ने रहेको थियो । शिक्षाले अनुसन्धानमा प्रकार्यवादीहरुको प्रश्न नै के रहेको हुन्छ भने “समाजमा शिक्षाको के आवश्यकता रहेको छ ?, समाजको तरीका वा अन्य क्षेत्रमा शिक्षाको सम्बन्ध के-कस्तो रहेको हुन्छ ? यस्ता आदि प्रश्न प्रकार्यवादीहरुको रहेको हुन्छ । (Haralambos with Heald, 1980)

प्रकार्यवादीहरुमा फ्रेन्च समाजशात्री Emile Durkheim, अमेरिकी समाजशास्त्री Talcott Parsons हरु लगायत Kignsley Davis Wilbert E- Morre, आदिले शिक्षाको वारेमा भनेका छन् ।

Durkheim का अनुसार शिक्षाको वारेमा भन्दा पनि समाजको आफ्नै एउटा ‘नियम’ र ‘महत्व’ मा शिक्षाको दूर विक्षेपण रहेको हुन्छ । जुन समाज शिक्षित हुन्छ, त्यहाँ वाँच्न पनि सजिलो हुन्छ । शिक्षाबाट नै वच्चाहरुलाई पनि मजवुत र श्रृङ्खलावद्ध तरीकाले एकै किसिमबाट हेर्न सिकाउँदछ । Durkheim को मुख्य कुरा के छ भने समाजको विशिष्ट वर्गले सम्पूर्ण समाजमा शिक्षाको तरीका, नियम, महत्वलाई मार्ग दर्शन गर्दछ । तसर्थ फरक-फरक दृष्टिकोणबाट समाजमा शिक्षाको भूमिका हुने गर्दछ । Parsons का अनुसार सामाजीकरणको लागि प्राथमिक कुरा भन्नु परिवार हो, परिवारवाट नै विद्यालयका कुराहरु

पनि फराकिलो रुपमा पाउने गर्दछन् । वच्चाहरुको विकासका लागि फराकिलो विचार धारणा राखेमा उच्च स्तरका सदस्यका रुपमा हुन्छन् । उनीहरुको नीतिहरु कडा गरेर राखेमा मानसिक विकासमा अप्ठ्यारो हुन्छ । वच्चाहरु के-कस्तो वनाउनी भन्ने कुरा परिवारको हातमा हुने गर्दछ । मुख्य : कुरा Parsons ले के भन्छन् भने शिक्षा एउटा महत्वपूर्ण मेसिन हो । शिक्षाले नै समाजको भूमिका र नियममा विशेष कुराहरुको छनौट पनि गर्दछ । Kingsley Davis & Wilbert E-Morre का अनुसार शिक्षाको अर्थ त्यो पनि हो, जुन एउटा औपचारिक व्याख्यान हो, तर समाजको स्तरीकरणको तरीकासँग शिक्षाको तरीकाहरु प्रत्यक्ष रुपमा रहेको हुन्छ । Davis र Morre ले निष्कर्षमा के भन्छन् भने समाजको स्तरकिरणमा शिक्षाको सम्बन्ध रहने छ । पेशाको निम्ति पनि शिक्षा एउटा अत्यावश्यक रुपमा रहने गर्दछ, साथै आर्थिक अवस्थामा पनि शिक्षाको पहुँच हुनु जरुरी छ ।

उदारवादी दृष्टिकोणबाट शिक्षा भनेको आधुनिक प्रजातान्त्रिक समाजमा शिक्षाको नियम एउटा प्रक्रियाको रुपमा आफ्नो ठाउँ वनाई राख्दछ भन्ने उदारवादी सोचाई राख्नेहरुको छ । शिक्षालाई आधार वनाई व्यक्तिगत विकास र आफ्नै लागी कार्य गर्दछन् । शिक्षाले सवैलाई वरावरी रुपमा अवसर पनि दिएको हुन्छ । काम गर्नको लागि पनि शिक्षाले एउटा पेसाको हैसियत र शिक्षाको सम्बन्धलाई एउटा वलियो रुपमा हेर्दछ । साथै समाजका सम्पूर्ण सदस्यहरुलाई वरावरी रुपमा उदारवादी दृष्टिकोणबाट हेर्दछ । Marx ले प्रकार्यवादी दृष्टिकोणबाट के भन्दछन् भने शिक्षाको भूमिका पश्चिमी औद्योगिक समाजको लागि शिक्षाको विशिष्ट सम्बन्धि कुराहरु के छन् त भनेर प्रश्न गर्दछन् । जुन प्रश्नहरु के छन् भने आर्थिक संरचनामा शिक्षाले कस्तो रुप दिन्छ ? पुँजीवादी र कामदार वर्ग विचमा शिक्षाले के उत्पत्ति गर्दछ ? तसर्थ पुँजीवादी समाजमा उत्पादनको सम्बन्ध शक्ति, विचार, शिक्षा, अनुसन्धान र आवश्यकता भने रहन्छ । यसबाट उत्तर के पाइन्छ भने समाजमा शिक्षाको भूमिका तत्परताको साथले नै रहन्छ । (Haralambos with Heald, 1980)

मगर जाति पनि त्यस्तो जाति हो, जसको आफ्नै मौलिक प्रकारको भाषा, भेषभुषा, लिपि, सांस्कृतिक विविधताले भरिपूर्ण रहेका छन् । यस्ता विविधताले भरीपूर्ण रहेता पनि शिक्षाको अवस्था भनि निम्न अवस्थामै रहेको पाउन सकिन्छ । यस्ता कुराहरुमा कमि हुनुका पछाडि के-कस्ता समस्या, विषयवस्तु, कारण रहेका छन् त भनेर पनि अझ यसलाई फराकिलोका साथ हेर्न र वुझ्न मन लाग्यो । भन्छन् - शिक्षाले नै मानिसलाई पूर्ण ज्ञान

दिन्छ । त्यसैले मानिसहरुको जीवनमा नभई नहुने आधारभुत आवश्यकता मध्ये शिक्षा पनि एउटा तत्व हो । जहाँ, मगर जातिको शिक्षाको अवस्थावारे भने पर्याप्त मात्रमा अध्ययन अनुसन्धानका साथै शोधकार्य भएको भने देखिदैन । त्यसैले यस विषयमा नयाँ कुराहरुको जानकारी एवं पत्ता लगाउन थप जानकारी प्राप्त गर्ने उद्देश्यले यस अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

समाज भन्नु नै त्यस्तो जालो हो । जुन मानविय अन्तरसम्बन्धको जालो हो । जहाँ, विभिन्न जातजाति, विभिन्न भाषाभाषी बोल्ने, रितिरिवाज, संस्कृति, मुल्य, मान्यता, रहनसहन आदि भएका मानिसहरु रहेका हुन्छन् । जुनवाट समाजलाई एउटा पूर्ण दिशा दिएको हुन्छ । यिनै परिवार, नाता, धर्म शिक्षा भन्नु नै सामाजिक संस्थाहरु हुन् । यिनै सामाजिक संस्थाहरु मिलेर एउटा सिङ्गो समाज वनेको हुन्छ । यिनै कुराहरुको लागि ज्ञान र सहि पहिचानको लागि शिक्षाको आवश्यकता रहेको हुन्छ । जसबाट दैनिक जीवनयापन गर्न एउटा सजिलो मार्ग र ज्ञान विज्ञानका कुराहरु सिकाउँदछ । तसर्थ, शिक्षालाई एउटा आधारभूत आवश्यकता मानिन्छ । शिक्षाको माध्यमबाट नै सहि-गलत के हो भन्नु कुरा सजिलै छुट्याउन र पत्ता लगाउन सक्दछ । त्यसैले शिक्षाको विकासले गर्दा आज परम्परागत समाज हैन आधुनिक समाजको रुपमा देख्न सकिन्छ । (भुसाल, २०६४)

मगर जाति पनि एउटा आफ्नै प्रकारको भाषा, शैली रितिरिवाज, संस्कृति भएको जाति हो । मगर जातिमा पनि शिक्षा एउटा अभिन्न अंग रहेको छ । जहाँ, पढ-लेख गर्ने र सबै कुराहरुको ज्ञानका साथै राम्रो-नराम्रो छुट्याउन सफल रहेका छन् । आफ्नो मौलिक हक अधिकारका साथै अगाडि बढ्ने, लेखपढ, खोजअनुसन्धान गर्ने र जातित्व भनेको के हो, भन्ने चेतनामा पनि परिवर्तन भएको छ । शिक्षाले गर्दा नै समाजलाई एउटा हलचल र परिवर्तन गर्न सफल रहेको छ । मगर जातिमा पनि पहिले हेरी आजभोली शिक्षाको प्रभाव केहि वा न्यून रुपमा भए पनि शिक्षाको महत्व बुझेकाले कतिपय कुराहरुमा फरक र विकासमा रुपमा पनि देखिएको छ । शिक्षाको कुरा गर्दा मगर जातिहरुमा के-कस्ता अवस्था रहेका छन् ? शिक्षा प्राप्त, गर्दा र नगर्दामा त्यहाँ के परिवर्तन, विकास, फरक अर्थात् पहिलेको अवस्था र हालको अवस्थामा के-कस्ता परिवर्तनहरु आइरहेका छन् भनि यो अध्ययन निम्न प्रश्नहरुको उठान गरेर अध्ययन गरीएको छ ।

क) मगर जातिले शिक्षालई कुन रुपमा हेर्दछन् ?

ख) हाल आएर शिक्षा प्राप्त गरेका मगरहरु कति रहेका छन् ?

ग) शिक्षा प्राप्त गर्दा र नगर्दामा तिनीहरुको स्थितिमा के फरक रहेको छ ?

घ) यस मगर जातिमा छोरा र छोरीलाई शिक्षा दिने कुरामा समान व्यवहार छ कि छैन ?

## १.३ अनुसन्धानको उद्देश्य

यस अनुसन्धानको मुख्य उद्देश्य मगर जातिमा शिक्षाको अवस्थावारे अध्ययन गर्नु रहेको छ । यो अनुसन्धान पुरा गर्नको लागि निम्न उद्देश्यहरु राखिएका छन्, जस्तैः-

क) लमजुङ्ग जिल्ला गाउँ शहर गा.वि.स. वडा नं. ८ को मगर जातिले शिक्षालई के-का दृष्टिकोणबाट हेर्दछन्, तर भनेर अध्ययन गर्नु ।

ख) गाउँशहर गा.वि.स. वडा नं. ८ मा शिक्षा प्राप्त मगरहरु कति छन् त भनेर अध्ययन गर्नु ।

ग) मगर जातिमा शिक्षा सम्वन्धि कुरामा पहिले र अहिले के कस्ता परिवर्तन आएका छन् तर भनेर अध्ययन गर्नु ।

घ) मगर जातिले छोरीलाई पनि शिक्षामा छोरा सरह समान पहुँच दिएका छन् कि छैनन् भनेर सो पक्षको अध्ययन गर्नु ।

## १.४ अनुसन्धानको महत्व र सान्दर्भिकता

शिक्षा एउटा त्यस्तो संस्था हो, जसले सवैलाई ज्ञान गुनका कुराहरु सिकाउन सफल रहन्छ । शिक्षाबाट मानिसले सहि, गलत, सत्य, असत्य जस्ता आदि कुराहरुप्रति भिन्नता औलाउन पनि सिकाउँदछ । शिक्षाले राम्रा र असल कुराहरुको सहि पहिचान र खराव र नराम्रा कुराहरु के-कस्ता हुन सक्दछ तर भनेर सजिलै जो कोहिलाई पाठ पढाउन सक्दछ । शिक्षाका सिकाई भन्ने कुरामा औपचारीक शिक्षा र अनौपचारीक शिक्षा रहेका हुन्छन् । अहिले पनि शिक्षाबाट वञ्चित भएका मानिसहरुलाई सरकाले गाउँ-गाउँमा प्रौढ शिक्षा अझै दिई राखेको छ । सरकारले अहिले पनि १ कक्षा देखि १० कक्षासँग निःशुल्क शिक्षा उपलब्ध गराएको छ । यो हुनुमा पनि शिक्षालाई एउटा मेरुदण्डका रुपमा हेरिनु हो । शिक्षाले दैनिक जीवन उपभोग गर्न सरलका साथै हरेक ठगहरुबाट जोगाउन पनि सिकाउँदछ । यस्ता आदि

थुप्रै पक्षहरुमा शिक्षाको आवश्यकता खड्की रहेको हुन्छ । जहाँ, शिक्षाबाट मानिसहरुले असम्भवका कुराहरु पनि सम्भव पारी रहेका छन् ।

प्रस्तुत शोधपत्र लमजुङ्ग जिल्लाको गाउँशहर गा.वि.स. वडा नं. ८ नरुवाल पाखाथोकका मगरहरुको शिक्षाको अवस्थावारे के-कस्तो अवस्था रहेको छ ? शिक्षाको महत्वलाई बुझ्केका छन् कि छैनन् ? शिक्षालाई कुन रुपमा हेरेका छन् ? यस मगर जातिमा शिक्षाको पहुँच के छ ? शिक्षा प्राप्त गरेका मगरहरु र नगरेकाहरु के-कति संख्यामा छन् ? कसरी जीवनयापन गरेका छन् ? यस्ता आदि कुराहरुलाई मध्यनजर गरी अध्ययन क्षेत्र छनौट गरीएको छ । नेपालका जनजातिहरु मध्ये मगरहरुको शिक्षाको अवस्था कुन ठाउँमा के-कसरी रहेका छन् भनेर पनि यस शोधपत्रले वुझ्ने र खोज्ने कुराहरमा महत्वपूर्ण भूमिकाहरु खेल्ने छ । जुन ठाउँमा शिक्षाका क्षेत्रमा कार्यक्रमहरु लागु गर्दा के-कस्ता नीति नियमहरु प्रयोग गर्नुपर्ने र कस्तो निती नियम अपनाउँदा शिक्षा क्षेत्रमा अझ्र विकास हुन र गर्न सजिलो हुन्छ भन्ने आवश्यकताहरु औल्याउन सजिलो पर्दछ साथै नेपाल सरकारलाई पनि शिक्षामा सुधार गर्नको लागि उपायहरु निकाल्न र वनाउन र कार्यक्रम के-कसरी सञ्चलन गर्ने भन्ने करामा सहयोग पुऱ्याउनेछ । जनजातिको हक, हित र अधिकार, संरचनामा खोलिएको विभिन्न संघ संथालाई पनि शिक्षाको वारेमा के-कसरी अघि बढाउन सकिन्छ भन्ने कुराको पनि मार्ग दर्शन पुऱ्याउने छ ।

## १.५ अध्ययनको संगठन

शोधपत्रलाई ६ भागमा विभाजन गरिएको छ । यस अन्तर्गत अध्याय एकमा परीचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानको उद्देश्य, अनुसन्धानको महत्व र सान्दर्भिकता र अध्ययनको संगठनको आवरंणीय ढाँचा र मगर जातिको शैक्षिक अर्थात् शिक्षाको अवस्थामा प्रभाव पार्ने कुराहरुको चर्चा गरिएको छ । अध्याय २ अन्तर्गत सन्दर्भ साहित्यको पुनरावलोकन प्रस्तुत गरिएको छ । अध्याय तिनमा अनुसन्धान विधि जस अन्तर्गत अध्ययनको क्षेत्र छनौट गर्नुको औचित्य, अध्ययनको ढाँचा, तथ्याङ्कको प्रकृति र श्रोत, समग्रता, तथ्याङ्क संकलन विधिहरुमा प्राथमिक श्रोत र द्वित्तिय श्रोतहरु रहेका छन् । प्राथमिक श्रोत अन्तर्गत अन्तरवार्ता, अवलोकन, समुह छलफल, प्रमुख जानकारी व्यक्तिहरुसँगको कुराकानी रहेको द्वित्तिय श्रोतमा तथ्याङ्क विश्लेषण, प्रक्रिया, सिमाहरु

समावेश गरिएको छ । आध्याय ४ मा अध्ययन क्षेत्र र लमजुङ्ग जिल्लाको सामान्य परिचय, परीचय अन्तर्गत सो जिल्लाको भौगोलिक अवस्था साथै सो गा.वि.स.को परीचय, त्यस गाउँका मगर जति वढी कुन-कुन विद्यालयमा अध्ययन गर्दछन् सो ठाउँको तथ्याङ्क र कति मगरहरु रहेका छन् भनेर समावेश गरिएको छ । अध्याय ५ मा शिक्षाको अवस्थावारे उल्लेख गरिएको छ । अध्याय ६ मा सारांश, निष्कर्ष र सुझावहरु उल्लेख गर्नुका साथै सन्दर्भ सामाग्रीको सुची पनि समावेश गरिएको छ ।

# अध्याय - दुई

## सन्दर्भ साहित्यको पुनरावलोकन

थापा छन्तेल (२०६५ : ३४-३५) ले नेपाल विभिन्न जात-जातिको संगम स्थल हो भनेका छन् । विभिन्न जातजाति वसोवास गर्दै आफ्नै अस्तित्व कायम गरिरहेका छन् । मगर जाति पनि एउटा छुट्टै पहिचान भएको जात हो । जसको आफ्नै प्रकारको रहन, सहन, रीतिरिवाज, रहेको छ । मगर जाति कस्तो हो, भन्ने प्रसङ्गमा मगरलाई एक अति सोझो, लडाकु, अशिक्षित, गरीव तथा इमान्दार जनजातिको रुपमा लिएको पाइन्छ । एम.एसका अनुसार प्राचिन इतिहासमा मगरहरुलाई 'मगर' भनि लिच्छवि, वृजि, विडाल, मेदेस, भाटी, कवि, सियथन, अफर्ति, आवति र चिनियाँ इतिहासहरुले मगर जातिलाई 'यू-ची' भनेर पनि उल्लेख गरेका छन् । यस्तै डा. राजराम सुवेदीले गुल्मीको ऐतिहासिक भार्से क्षेत्रको वर्णन गर्दे मंगोलियालाई भाषामा पहाडको विचको भागलाई भार्से क्षेत्रको वर्णन गर्दै मंगोलियाई भाषामा पहाडको विचको भागलाई भार्से भनिन्छ, भनेका छन् । त्यसैले त्यस ठाउँको जाति र भाषालाई हेर्दा भार्सेका वासिन्दाहरु सवै मगरै मगर भएकाले यी मगरहरु उत्तरतिरवाट आएका मंगोलियाई हो, भन्ने प्रमाणित हुन्छ भनेका छन् । वैशालीबाट हिमालयतिर पसेका लिच्छवीहरु महाभारत र चुरे श्रृङ्लामा वसोवास गर्ने अर्ना र वँदेल खाने कुरा सिद्ध छ । मगरहरुले सुँगुर र राँगो खाने हुनाले हालका मगरहरु लिच्छवी हुने कुरामा मेल खान्छ । नेपालको जातिय इतिहासको ज्ञाता तथा भाषाशास्त्रीहरुको अनुसार वाग्लुङ्ग, गुल्मी, पाल्पा, लगाएतको विशाल क्षेत्रको वासिन्दा मगर मंगोलियन मुलका तिव्वत तर्फबाट नेपाल पसेका वताएका छन् । यिनीहरु चिनियाँ परिवारका भोट हिमाली शाखाको मगराँती भाषा वोल्छन् । गुल्मीका गाउँ, नदीका नाम मगर भाषामा रहेका छन् । तसर्थ मगरहरु मंगोलियन मूलका हुन् । गुल्मीका आदिवासी हुन् भनी सुवेदीले ठोकुवा गरेका छन् । एम.एस. थापा (छन्तेल, २०६५ मा उदृत) ले अहिलेको प्रचलित 'मग' शब्द आर्य व्राह्मणद्वारा राखिएको आधुनिक शब्द मानेका छन् । चागुको धनन्जय मल्लको ताम्रपत्रमा मगरलाई 'मगल' शब्द उल्लेख भएको र मगल शब्दको अपभ्रंशबाट वनेको 'मगर' शब्द हो भनेर भनेका छन् ।

चेम्जोङ (२०६७) मगर जाति पनि एक आदिवासीका रुपमा पर्दछ । आदिवासी भन्नाले कस्तोलाई भनिन्छ, भने "आदिवासी आदि अनादिकाल + वसोवास भन्ने शब्द समिश्रणवाट वनेको शब्द हो । शब्दहरुलाई केलाउँदा र मानव विकासको वास्तविक अवस्थितिलाई हेर्दा पनि यथार्थ कुरा नै देखिन्छ । मानव विकाससँगै वैज्ञानिक युगको अतिक्रमणको अवस्था र वसाइ सराईको क्रममा कुनै पनि मावनको प्रवेश नभई सवैभन्दा अगाडी प्रवेश गरेको जाति वा नश्ल नै आदिवासी हो भन्ने पुष्टि भै सकेको छ । हाम्रो देश नेपालको सन्दर्भमका पनि हजारौं वर्ष पहिलेदेखी वसोवास गरेका आफ्नो अलग्गै स्वरुप, भाषा, लिपि, धर्म, संस्कार र संस्कृति भएका पछिल्लो मुगल शासकहरुको प्रवेश पश्चात्को हिन्दु अतिक्रमणमा तहसनहस वनाइएका र उनीहरुको वर्ण विभाजनको परिभाषा भित्र नपरेका जात वा जातिलाई आदिवासी भनिन्छ ।" आदिवासी र जनजातिको परिभाषा केहि फरक भए पनि सारमा हिन्दु वर्णाश्रम भित्र नपर्ने आदिवासीकै परीभाषाभित्र पर्ने तर आदिवासी भन्दा पछि प्रवेश भई वसोवास गरेको जातिलाई जनजाति भनिएको छ । मूल रुपमा आदिवासीसँग नै सम्पूर्ण स्वरुप मेल खाने भएकाले आदिवासी जनजाति भनिएको हो ।

श्रीस मगर, (२०६८), ले 'मगर पुजारी रहेका प्रसिद्ध देवस्थलहरु' भन्ने पुस्तकमा के लेखेका छन् भने मगरहरुको वारेमा धेरै मात्रामा खोज, अनुसन्धान, अध्ययन नभए पनि थोरै मात्र भए पनि मगरहरुको वोमा केहि स्वदेशी तथा विदेशीहरुबाट अध्ययन भएको पाइन्छ । जाति, जनजातिहरुको बारेमा अध्ययन त्यति पहिला देखी नभएता पनि नेपालमा मानवशास्त्रीय/समाजशास्त्रीय अनुसन्धानको थालनी विदेशी विद्वानहरुबाट भएको पाइन्छ, तव मात्र यस खोज, अनुसन्धान, अध्ययनको वारेमा जातजाति, जनजाति आदि पक्षमा अध्ययन भएको पाइएको छ । विदेशी विद्वानहरुबाट मगरका वारेमा केही संख्यामा अध्ययन भएको पाइएको छ ।

चेम्जोङ्ग (२०५१) किराँत कालक्रम विवरण अनुसार मगर जातिको उत्पत्ति स्थान उत्तरको शिन हो । दुई जना नेताको नेतृत्वमा एक समुह मानिस उत्तरवाट दक्षिण आए । ती नेताहरुको नाम सिङ मगर र चितु मगर थियो । दक्षिणका मान्छेहरुले तिनीहरुलाई आकाशबाट झरेका मानिसहरु हुन् पनि भन्दछन् । जसको अर्थ सुदुर उत्तरवाट आएको मान्छे हुन्छ । पछि उनीहरुको संख्या वृद्धि भयो र वाह्र नेताको नेतृत्वमा वाह्र समुहमा

वाँडियो अनि आफै वाह्र मगर भन्न थालियो । यसरी जातिको फैलावट रहेको हो भन्ने कुरा यसबाट उल्लेख गरिएको छ ।

घर्ती मगर (२०६४) मगरहरु कति सम्म अस्तित्वमा थिए भन्ने कुरा आजभन्दा ६६२ वर्ष अधिसम्म मगरहरुका आफ्नै राज्यहरु थिए । त्यहाँ मगर राजाहरुको स्वसान थियो । मगर राजाहरु २२० रहेका थिए । पछि क्रमश : घट्दै गई १२ राजाहरुको मात्र अस्तित्व रहेकोले त्यस ठाउँ/प्रदेशलाई १२ मगराँत भनियो । त्यसवेला पारकोट, गोरखा, तनहुँ, रिसिङ्ग पाल्पा, प्यूठान, मकवातपुर, निशीभुजी आदि धेरै राज्यहरु मगर राजाहरुको बर्चश्व कायम थियो । त्यतिवेला कहाँ-कहाँ मगर राज्यहरु थिए, त्यहाँको राजाहरु को-को थिए भन्ने सम्बन्धमा क्रमवद्ध इतिहास अप्राप्त भएता पनि मगर राजाहरुको धेरै राज्यहरु भएको पुष्टि हुन्छ । जहाँ विभिन्न राज्य र कोटहरुमा मगर हक, परम्परागत रुपमा देवस्थानहरुमा मगर पुजारीहरु रहेको पाइन्छ । जसले गर्दा नेपालमा स्वसान राम्रो रुपमा रहेको प्रष्ट पनि हुन्छ । यसरी प्रस्तुत पुस्तक नेपालको मगर, आदिवासी र खस राज्यको परीचयमा मगर जातिको वारेमा चर्चा भेटिएको छ, तर मगर जातिको शिक्षाको अवस्थावारे भने उल्लेख गरीएको छैन ।

विष्ट (२०३४) सवै जातको फुलवारी भन्ने पुस्तकमा मगरहरुको वारेमा चर्चा गर्नुपर्दा, मगरजाति पछि पहिचानमा आएका हुन् भन्ने पनि छैन । मगर जातिहरु पहिले देखी नै वसोवास भएको बुझिन्छ । आधुनिक नेपालको निर्माण गर्नमा पनि मगर जातिले ठूलो भूमिका निभाएको हतिहासले वताएको छ । कर्णाली, गण्डकी, प्रदेश अनेकौं राज्यमा विभाजित रहँदा सम्म पनि मगरहरुको आफ्नै खालको राज्य थियो, तसर्थ त्यस्ता क्षेत्रलाई मगरहरुकै नामवाट १२ मँगरात भन्ने चलन पनि रहेको थियो । मगर जातिहरुको आफ्नै मातृभाषा मगरभाषा भएता पनि धेरैजसो मगरहरु नेपाली भाषा वोल्न पनि जानेका छन् । मगर जातिको भाषालाई मात्र हेर्ने चालचलन, रितीरिवाज, धर्म, शिक्षालाई पनि वाहुन सरह नै काम र मान्ने गर्दछन् । यस जातिको निश्चित स्थानमा वसोवास नभई वाहुन, क्षेत्री सरह जताततै फैलिएर वसेको पाइन्छ । मगर जाति अधिराज्य भरी नै छरीएर रहेको छ । पहिले-पहिले खानीका कामहरुमा पनि मगरहरु सहभागिता रहेको पाइन्छ । मगर जाति हरेक कुरामा सिपालु र निपुर्ण भएका पनि मानिन्छ । घर वनाउने काम, खानीका काम, ढुङ्गा काट्ने काम यस्ता आदि पेशाले गर्दा पनि पूर्व-पश्चिम सवै ठाउँमा मगरहरुको वसोवास

रहेको पाइन्छ । प्राय : मगरहरु भारतिय र ब्रिटिश गोर्खा फौजमा काम गर्ने कुरा यस पुस्तकमा पाइन्छ । भर्ति हुनेहरु वाहेक अरु सबैको जिविकाको आधर भने खेतीपाती नै रहेको पाइन्छ । आजभोली पनि विदेशी र नेपाली सेनामा भर्ती हुनेहरुको संख्या बढ्दै जानाले आम्दानीको वाटो यथावत् नै रहेको देखिन्छ । अहिले पनि विदेश जाने र भर्ति हुनेहरुको संख्या जोड्यो भने अरु जातको तुलनामा मगरहरुको संख्या बढी हुन्छ । मगर जाति योग्य र इमान्दारको साथै अनुशासनले गर्दा पनि नेपाली र विदेशी फौजमा धेरै मगरहरु माथिल्ला दर्जामा अफिसर हुन पुगेका हुन् भन्ने भनाई पनि प्रस्तुत गरिएको छ ।

यसवाट के बुझिन्छ भने मगर जाति एउटा आफू मात्र नवनी देशमा लागि पनि केही गर्ने/गरेका जाति हुन् । हरेक कुरामा सेवा र कार्य गर्दै आएका छन् । प्राय : यी जातिहरु अन्य पेशा भन्दा धेरै फौजी हुन्छन् भन्ने कुरा पनि प्रष्ट पारिएको छ ।

विष्ट (१९६७) 'पिपुल अफ नेपाल' भन्ने पुस्तक एउटा अति खोजपूर्ण अध्ययनमा आधारीत छ । जसमा नेपालमा विभिन्न जातिवारे परीचयका साथै तिनीहरुलाई प्राकृतिक सम्पदाको रुपमा प्रस्तुत गरिएको छ । जसमा ३१ जातिको वर्णन गरीएको छ । जुन जातिहरु मध्ये मगर जातिको पनि वर्णन र व्याख्या गरीएको छ । मगरवाट ठकुरी जातिको निर्माण भएको हावी लेखकको छ । संक्षेपमा भन्नुपर्दा नेपालको जातिय अध्ययन र मगर जातिको अध्ययनमा यो पुस्तक बढी उपयोगी छ । मगर जाति मध्य भाग, पश्चिमी भागका साथै पहाडी भेगमा बढी वसोवास भएको पाइएको छ । यस जातिले नेपाली इतिहासमा पनि ठूलो भूमिका खेलेको पनि प्रस्तुत गरिएको छ । यिनीहरु पढ्नमा भन्दा पनि बढी लाहुरे जिवन व्यक्ति गरेका कुराहरु भेटिन्छ । मगर जातिमा बढी ब्रिटिस आर्मी, इन्डियन आर्मी साथै मलेसिया, दुवै, कतार आदि ठाउँमा नोकरी गरी पैसा पठाई परिवारलाई गुजारा चलाउन सफल रहेका छन् । निष्कर्षमा भन्नुपर्दा अनेकौं ठाउँमा रोजगारी गरी पैसा पठाई परीवारलाई गुजारा चलाउन सफल रहेका छन् । निष्कर्षमा भन्नुपर्दा मगर जातिको इतिहास, स्वभाव, शारिरीक वनोट, भाषा आदिको वारेमा चर्चा गरेको पाइन्छ ।

कावाकिता (२०४७) को नेपाल हिमालयका जनजातिहरु भन्ने किताबमा मगरहरुको वारेमा ल्याण्डनको भनाइ अनुसार पहिले तराई तथा वुटौल र पाल्या निरका होचा पहाडहरु ओगटेर वसेको मगर जाति अहिले काठमाडौं साथै पश्चिमभरी जताततै छरिएको छ भनिएको छ । राजपुत सेनाले पाल्पामा अमक्रमण गरेपछि मगरहरु पश्चिम र पूर्वतिर

छरिए । मुलत : प्रारम्भमा मगरहरु उत्तरतिरवाट तल झरेका मंगोलिय जाति पनि भनेर भनेका छन् ।

वराल मगर (२०५०) परिवर्तन र समयको कुराहरुसँगै मगर जातिमा पनि हरेक कुराहरु फरक-फरक रहेको छ भने झैं 'पाल्पा, तनहूँ, स्याङ्जाका मगरहरुको संस्कृति' भन्ने पुस्तकमा के लेखिएको छ भने आजसम्म मगरहरुमा छोरी अर्कालाई दिन जाने परम्परा देखिदैन । पहिला आफ्नै फुपुचेलाको हक लाग्छ विहे गर्दा भनिएको छ । आफ्नो साली भेनामा विहेवारी चल्ने कुरा साथै मामाकी छोरी फुपुको छोरालाई हक लाग्ने भनिएको छ । मगर जातिमा पढेलेखेका युवकहरु भन्दा लाहुरेलाई छोरी दिन उनीहरु मन पराउँछन् । केटीहरु पनि पढेलेखेका युवाहरु भन्दा सैनिकमा भर्ति भएका केटालाई नै रोज्दछन् वा मन पराउँदछन् । केटाहरु पनि पहिले-पहिले गाउने, नाच्ने, सीप र सौन्दर्यलाई बढी प्राथमिकता दिने गर्दथे, तर आजभोली सैनिक सेवामा लागेका केटाहरु पनि पढे लेखेका केटीहरु नै खोज्ने प्रचलन पनि बढ्दो देखिन्छ ।

मोलनार (१९८१) यस लेखमा खाम मगरहरुको वारेमा आर्थिक सांस्कृतिक लगाएत शैक्षिक अवस्थावारे चर्चा गर्नुका साथै पर्यावरणीय कुराहरुको पनि चर्चा गरिएको छ । आफ्नै भाषा, धर्म, संस्कृति, पशुपालन, कृषि तथा व्यापार, संस्थाहरु विचको कुराहरु उल्लेख गरेका छन् । यिनीहरुको भाषा तिव्वती भोट वर्मेली भाषा अन्तर्गत पर्दछन् । यस क्षेत्रका मगरहरु खाम भाषा वोल्ने मगर समुहमा पर्दछन् । यस क्षेत्रको मगरहरुको भाषा, संस्कृति पाल्पा र गण्डकी क्षेत्रमा वसोवास गर्ने मगरहरुको भन्दा फरक रहेको छ । यहाँका ठाउँहरु ४ भागमा विभाजित छन् । (१) थावाङ (२) लुवाङ (३) टाका र (४) माइकोट रहेको छन् । शिक्षाको अवस्था भन्नुपर्दा मध्यम तथा उच्च कक्षाहरु सम्म अध्ययन गरेर यहाँका युवाहरु व्रिटिश आर्मी तथा भारतीय सेनाका साथै गोठालो जाने पेशामा संलग्न हुने गर्दछन् । सवैभन्दा शिक्षितहरुको वसाई भने थावाङमा रहेको छ । शैक्षिक उत्पादनले श्रम उत्पादनमा महत्वपूर्ण भूमिका खेल्दछ भने झै पढेलेखेका र नेपाली भाषा जान्नेहरु शिक्षक कारीन्दाको काम गर्ने गर्दछन् । शिक्षित युवक-युवतीहरु गोठालो पेशा मन नपराई सरकारी जागिर तथा उद्यमीतिर लागेका कुरा यस लेखवाट भेट्टाउन सकिन्छ ।

श्रीस मगर (२०६७) ले 'मगर जातिको चिनारी' भन्ने पुसत्कमा वि.सं. २०५८ सालको जनगणना अनुसार मगर जातिको साक्षरता दर राष्ट्रिय दर सरह (५०.२०%)

देखाइएको छ । यसरी राष्ट्रिय दर अनुसार साक्षरतादर देखाइनुमा पनि मगर समुदायमा लाहुरे परम्पराले गर्दा गोर्खा भर्तिका निम्त भएपनि साधारण शिक्षा लिनुपर्ने आवश्यकताले पनि यस्तो देखिएको कुरा आउँछ । अन्य कतिपय जनजाति समुदायमा खासै नरहे पनि सामान्य साक्षर वनाउने भन्दा बढी पढाउने सवालमा भने लैङ्गिक विभेदको स्थिति केहि मात्रामा रहेको छ । विद्यालय तहको शिक्षा भन्दा अगाडी पढ्ने परम्परा र वातावरण भने मगर समुदायमा सन्तोषजनक पाइदै भनेर उल्लेख गरेका छन् । अहिले पछिल्लो/हालको समयमा आएर मगर जातिमा उच्च शिक्षा हासिल गर्ने पुरुषको तुलनामा महिलाको संख्या बढ्दो देखिएको छ । यसले गर्दा पनि उच्च शिक्षित मगर महिलाहरुको लागी आफ्नै मगर समुदायमा योग्य केटा पाउन केहि कठिनाई भएकाले कित अविवाहित अवस्थामा बस्ने वा अन्य जातिका केटाहरुसँग विवाह गर्ने एक खाले प्रवृत्ति पनि बढी रहेको छ । मगर जातिमा उच्च शिक्षा हाँसिल गर्नेका संख्यामा न्यून रहे पनि अहिले सम्म विद्यावारीधी तहको शिक्षा आर्जन गर्ने मगरहरुको संख्या करीव २२ पुगेको छ ।

यसरी प्रस्तुत पुस्तकमा के पाइन्छ भने मगर समुदायमा शिक्षा भने कुरा वढी के-का लागी भन्दा भर्ति हुनको लागि अक्षर चिन्नुपर्ने एउटा सर्टिफिकेटको आवश्यकताको निम्ति शिक्षा अनिवार्य लिनुपर्ने रहेछ भन्ने मान्यताका साथ अक्षर चिन्ने र पढ्ने कुरामा केहि अगाडि रहेको कुरा यस कुराबाट यथार्थता पाउन सकिन्छ ।

# अध्याय तीन

# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्र छनौट गर्नुको औचित्य

नेपालको हरेक क्षेत्र, भु-भाग साथै कुना काप्चामा समेत मगर जातिको वसोवास भएको पाइन्छ । यिनीहरुको आफ्नै मौलिक परम्परा, भाषा, संस्कृतिहरु रहेका छन् । यस्ता आदि कुराहरुले धनी हुँदा हुँदै पनि शिक्षाको महत्ववारे कतिले बुझेका छन् त कतिले छैनन् । कतिपय ठाउँहरुमा शिक्षितहरुको वसोवास रहेको छ होला त कतिपय गाउँ-ठाउँहरुमा आशिक्षितहरु पनि रेहका होलान् । जे होस् अरु जातिको तुलनामा हेर्दा मगर जातिको शिक्षाको अवस्था त्यति सन्तोषजनक रुपमा नरहेको हुनाले मगर जातिलाई मात्र असर नपुगी सिङ्गो देशलाई नै असर पुग्ने अवस्था रहेको छ । मगरहरुको वसोवास धेरैजसो गण्डकी, धौलागिरी, लुम्विनी आदि क्षेत्रमा रहेको पाइन्छ । यस शोधपत्रको अध्ययन क्षेत्र गण्डकी अञ्चल भित्र पर्ने लमजुङ्ग, जिल्लाको गाउँ शहर गा.वि.स. वडा नं. ८ नरुवाल पाखाथोक भन्ने गाउँलाई अनुसन्धान क्षेत्र छनौट गरिएको छ । यस शोधपत्रमा लमजुङ्ग जिल्लाको गाउँशहर गा.वि.स.लाई शोधकर्ताले छनौट गर्नुको पछाडि निम्न कारणहरु रहेका छन् :-

१) लमजुङ्ग जिल्लाको गाउँशहर गा.वि.स., वडा नं. ८ मा अन्य वडा भन्दा वा अरु गाउँ-ठाउँ भन्दा त्यहाँ मगरहरुको वसोवास धेरै भएकाले ।

२) अध्ययन क्षेत्र शोधकर्ताको जानकारी क्षेत्र भएकाले केही तथ्य कुराहरु भेट्न र पाउन सकिन्छ कि भन्ने आधारले ।

३) मगर जातिको शिक्षाको अवस्थामा पहिले र अहिलेमा के-कस्तो अवस्था रहेका र के परीवर्तन हुँदैछ भन्ने रुचि भएकाले ।

४) आर्थिक श्रोत, समय तथा अन्य जटिल कुराहरुलाई मध्य नजर गर्दा शोधकर्ताको चिरपरिचित क्षेत्र भएकाले ।

## ३.२ अध्ययनको ढाँचा

गाउँशहर गा.वि.स. वडा नं. ८ मा रहेको मगर जातिहरुको शिक्षाको अवस्थाको अध्ययन कुनै पनि स्वदेशी पनि स्वदेशी एवं विदेशी समाजशास्त्रीले गरेको देखिदैन । तसर्थ यो शोध खोजमुलक वर्णनात्मक अनुसन्धान ढाँचाको आधारमा गरिएको छ । यस अध्ययनले मगरहरुको जीवनमा शिक्षाले उनीहरुको जीवनावस्थामा पारेको प्रभाव अध्ययन गर्न वर्णनात्मक अनुसन्धान ढाँचा अपनाइएको छ । जसमा मगर जातिप्रति भएका जनसंख्या, शैक्षिक स्थिति जस्ता सामाजिक पक्षहरुको र पेसा जस्ता आर्थिक पक्षहरुको संख्यात्मक तालिकाद्वारा पनि प्रष्ट पारिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र श्रोत

यस अध्ययनमा प्राथमिक र द्वित्तिय श्रोतहरुबाट प्राप्त सुचनाहरु प्रयोग गरिएको छ । प्राथमिक श्रोत अन्तर्गत अन्तर्वार्ता, प्रमुख जानकारी व्यक्तिसँग अन्तर्वार्ता, अवलोकन र समुह छलफल रहेका छन् ।

**द्वित्तिय श्रोत अन्तर्गत**

**क) केन्द्रित तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क**

मगर जातिको जनसंख्या के-कति रहेका छन्, शैक्षिक वा साक्षरता दर कति रहेको छ भन्ने सम्बन्धमा केन्द्रिय तथ्याङ्क विभागबाट तथ्याङ्क राखिएको छ ।

**ख) जिल्ला विकास समितिवाट प्राप्त अभिलेखका साथै**

गा.वि.स. बाट प्राप्त अभिलेख अनुसार गा.वि.स., जिल्लाको वारेमा संक्षिप्त परिचय र अन्य जातजातिको समेत घरधुरी र जनसंख्या आदिलाई प्रस्तुत गरिएको छ । शोध पत्रमा आवश्यक परेका कुराहरुको जानकारी प्रस्तुत अभिलेखबाट गरिएको छ ।

## ३.४ समग्रता

लमजुङ्ग जिल्ला गाउँशहर गा.वि.स. वडा नं. ८ नरुवाल पाखाथोक अन्तर्गत जम्मा घरधुरी २५० को हाराहारीमा रहेका छन् । ती घरधुरी मध्ये ७० घरधुरीको मगर जातिको घरहरु रहेका छन् । गाउँशहर गा.वि.स.को वडा नं. ८ मा मगरहरुको मात्र वसोवास नभई अन्य जाति वाहुन, क्षेत्री, गुरुङ्ग, मगर, दमै, कामी, सार्की आदि जातिहरुको पनि वसोवास रहेको छ । नरुवाल पाखाथोक गाउँका मगर जातिको थरहरुमा आले, राना, सारु, गरन्जा ( थापा) मगरहरुको वसोवास रहेको छ । यी सम्पूर्ण मगरहरुको घरधुरीलाई नै समग्रतामा हेरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधिहरु

प्रस्तुत शोधपत्रमा अनुसन्धानकर्ता स्वयम नै लमजुङ्ग जिल्ला, गाउँशहर गा.वि.स., वडा नं. ८ नरुवाल पाखाथोक गई अध्ययन, अनुसन्धान गरीएको छ । अध्ययन अनुसन्धान गर्दा यस प्रकारको विधिहरु प्रयोग गरिएको छ । जसमा प्राथमिक श्रोत र द्वित्तिय श्रोतहरु रहेका छन् । प्राथमिक श्रोतहरुमा अन्तरवार्ता, प्रमुख जानकारी व्यक्तिहरुसँग अन्तरवार्ता, अवलोकन, समुह छलफल विधिहरु अपनाइएको छ, भने द्वितिय श्रोतहरुमा केन्द्रिय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क, जि.वि.स.बाट प्राप्त तथ्याङ्क तथा गा.वि.स.बाट प्राप्त अभिलेखका साथै आवश्यक परेका ठाउँमा लेख रचनाहरु पनि प्रस्तुत गरीएको छ ।

### ३.५.१ प्राथमिक श्रोत

#### ३.५.१.१ अन्तरवार्ता

अनुसन्धानको लागि अन्तरवार्तालाई एउटा अभिन्न अंगका रुपमा लिएको छ । जुन अन्तरवार्ता प्राथमिक तथ्याङ्क संकलनको भरपर्दो विधि मानिएको छ । आमुन्ने सामुन्ने वसेर गरिने हुँदा धेरै ठोस र सत्य तथ्य कुराहरु प्राप्त गर्ने हुँदा यसलाई अत्यावश्यक रुपमा हेरिएको छ । अन्तरवार्तामा आफैल तयार पारेको प्रश्नावलीको आधारमा मगर जातिको शिक्षा भनेको के हो भन्ने जस्ता सम्पूर्ण कुराहरुलाई प्रश्नावलीको आधारमा गाउँशहर-८, नरुवाल पाखाथोकका सम्पूर्ण घरधुरीमा घरमुलीको भनाई/उत्तरमा यस प्रश्नावलीको अन्तरवार्ता गरिएको छ अर्थात् लिइएको छ । मगर जातिको शिक्षा सम्बन्धि कुराहरु

सामाजिक, पारिवारिक कुराहरुको पनि तथ्याङ्कहरु संकलन गर्न सकिने, सरल र स्पष्ट भाषामा प्रश्नावली तयार पारी प्रश्नावलीबाट जानकारी संकलन गरिएको छ ।

### ३.५.१.२ अवलोकन

अवलोकन विधिबाट अनुसन्धानकर्ताले आफूले देखेको तथा अनुभव गरेको तथ्यहरु संकलन गरिने हुँदा सो तथ्याङ्कहरुले बढी गुणात्मक र औचित्यपूर्ण हुने एउटा विश्वास राखिएको छ । अवलोकनबाट सुचनादाताहरुले दिन हिचकिचाएका तथ्याङ्कहरु संकलन गर्न सकिने हुँदा शोधपत्रमा अनुसन्धानकर्ता स्वयम नै त्यस क्षेत्रमा गई अवलोकन विधिद्वारा विद्यालय पढ्न जान्छन् कि जाँदैनन्, विद्यालय जाने उमेरका कति, छोरा र छोरीलाई काम लगाउन कतिको पक्षपात गर्छन्, छोरा र छोरीसँग वोल्दा कस्तो प्रकारको वोली वोल्दछन् । उनीहरुको वोलीचालीमा आफ्नै मातृभाषा (मगरभाषा) प्रयोग गर्छन् कि गर्दैनन्, छोराछोरी विच लाउन खानामा भेदभाव गर्छन् कि गर्दैनन् यस्ता आदि कुराहरुको सम्बन्धमा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१.३ समुह छलफल

अध्ययन अनुसन्धानको लागि समुहगत छलफलको पनि उत्तिकै आवश्यक र महत्वपूर्ण स्थान रहेको छ । समुह छलफलबाट सवैको सल्लाह सुझाव आउने हुँदा समुह छलफललाई एउटा औचित्यपुर्ण कार्य मानिएको छ । त्यसैले समुह छलफल एउटा महत्वपूर्ण विधि मानिएको छ । अध्ययन अनुसन्धानको लागी ३ वटा समुह बनाई सामुहिक छलफल गरिएको छ । नं. १ समुहमा विद्यालय जाने उमेरका अर्थात् विद्यालय गई राखेकाहरु समुह रहेका छन् । जसमा ७ जना छात्रा र ७ जना छात्रहरुको समुहहरु रहेका छन् । जम्माजम्मि गरेर यस समुहमा १४ जनाको समुह रहेको छ । नं. २ समुहमा विद्यालयमा नगएका अर्थात् विद्यालय जाने उमेर पार गरेका युवा वर्गहरु प्रति समुह छलफल गरिएको छ । जसमा कलेज पढदै गरेका कोहि रोजगारी गरीसकेका मानिसहरु रहेका छन् । यसमा जम्मा गरेर १६ जनाको समुह रेका छन् । ८ जना केटा र ८ जना केटी रहेका छन् । नं. ३ समुहमा अभिभावकप्रति छलफल रहेको छ । जहाँ वावा, आमा, वाजे, वज्यैहरुको सहभागीता रहेको छ । जसमा ७ जना वावाहरु र ७ जना आमाहरुको समुह रहेका छन् । अभिभाव छलफलको समुह १४ जना रहेका छन् । यस छलफलका लागि प्रनावलीको आधारमा समुहमा छलफल

गरिएको छ । यस समुह छलफलका लागि गाउँको शैक्षिक अवस्था हेरी कोही शिक्षा सम्बन्धि ज्ञान भएका, केही निरक्षर नपढेता पनि कसैले शिक्षा सम्बन्धि अनुभव र ज्ञान भएका जो कोही व्यक्तिहरुलाई साथै मगर जातिलाई मात्र समुह छलफलमा समावेश गरिएको छ ।

#### ३.५.१.४ प्रमुख जानकारी व्यक्तिहरुसँगको अन्तरवार्ता

मगर जातिहरुको वारेमा बढी जानकारी भएको व्यक्ति, मगरजातिसँग सम्बन्धित र अनुभवि शिक्षक, वुढापाका जो कोही व्यक्तिलाई मुख्य सुचना दाताको रुपमा लिएर तथ्याङ्क संकलन गरिएको छ । यसको लागि उत्तरदाताहरुको समय अनुकुल हेरी मौखिक प्रश्नहरु सोधी उनीहरुबाट आएको उत्तरलाई समावेश गरिएको छ । कम्तिमा पनि ६ जनासँग मगर जातिको शिक्षावारे कुरा गरिएएको छ । जुन व्यक्तिहरु लमजुङ्ग मगर समाजका अध्यक्ष थापा मगर, गाउँकै समाजसेवी राना मगर, गाउँका वुढापाका आले मगर, राना मगर, गाउँको युवावर्गका आले मगर र राना मगरलाई प्रमुख जानकारी व्यक्तिका रुपमा लिइएको छ ।

### ३.५.२ द्वित्तिय श्रोत

कुनै पनि कुराहरुको अध्ययन अनुसन्धान गर्दा एक पक्षिय तर्फबाट मात्र अनुसन्धानको उद्देश्य पूर्ण हुन्छ भन्ने हुँदैन । त्यसैले प्रस्तुत शोधपत्रमा प्राथमिक श्रोतका साथै द्वित्तिय श्रोतहरुबाट पनि तथ्याङ्क संकलन गरिएको छ । मगर जातिको वारेमा तथा शिक्षा सम्बन्धि स्वदेशी तथा विदेशी लेखकहरुले लेखेका पुस्तक, लेख, रचना, अभिलेख, पत्रपत्रिका, केन्द्रिय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क, जिवि.स र गा.वि.स.बाट प्राप्त तथ्याङ्कहरुलाई पनि प्रस्तुत शोधपत्रमा द्वित्तिय श्रोतका रुपमा लिइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

शोधपत्रलाई विश्वासनियताका साथै व्यवस्थित वनाउनको लागि विशेष गरेर प्रश्नावलीका कुराहरुलाई तालिकीकरण, तथ्याङ्कहरुको श्रोत, शोधकर्ताले स्थलगत सर्वेक्षणमा सोधिएका अन्तरवार्ताका कुराहरुमा विशेष आधारित रहेका छन् । तथ्याङ्क संकलन कार्य सकिएपछि त्यस ठाउँबाट परिणात्मक तथ्याङ्क बढी छन् की गुणात्मक तथ्याङ्कहरु बढी आय भनेर सुचीकरण र वर्गीकरण गरिएको छ । गुणात्मक प्रकारका तथ्याङ्क तथा सुचनाहरुलाई

आवश्यकतानुसार व्याख्या र वर्णन गरी तथ्य परक बनाउन त्यसलाई विश्लेषण र विस्तार गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

कुनै पनि कुराहरुको अध्ययन अनुसन्धान गर्दा त्यसको ठोस, सत्य, तथ्य कुराहरु, अर्थात् निचोड निकाल्दा प्रष्ट रुपमा ल्याउन खोज्दा लामो समयको आवश्यकता पर्दछ । कुनै पनि जातिको सांस्कृतिक, सामाजिक शैक्षिक अवस्थावारे खोज अनुसन्धान गर्दा झन् जटिलता र समस्यामुलक हुने गर्दछ । त्यसैले प्रत्येक अनुसन्धानको अध्ययनलाई सीमावद्ध गर्नुपर्ने हुन्छ । त्यसै पनि अनुसन्धान भन्ने कुरा एउटा निश्चित विषयमा केन्द्रित भई गरिने कार्य हो । खास गरेर प्रस्तुत शोधपत्रमा स्नातकोत्तर तहको १०० पूर्णाङ्कको आवश्यकता पूरा गर्ने उद्देश्यले लेखिएको हुनाले सम्पूर्ण नेपालभरीको मगरहरुको अध्ययन गर्न धेरै समय, धेरै वजेट, समय लाग्ने र समय भन्दा पनि प्रमुख कुरा आर्थिक श्रोत बढी भन्दा बढी आवश्यकता पर्ने भएकाले त्यसै माथि पनि एउटा विद्यार्थी भएको हैसियतले यसलाई ठूलो क्षेत्र लिन असमर्थ ठानेकी छु । त्यसैले मेरो यस विषयप्रति अनुसन्धानको सिमालाई एउटा सिमित घेरामा राखेकी छु । जहाँ, अध्ययन क्षेत्रको रुपमा लमजुङ्ग जिल्ला, गाउँशहर, गा.वि.स. वडा नं. ८, नरुवाल पाखाथोक भन्ने गाउँका मगरजातिलाई केन्द्रित वनाई अध्ययन गरिएको छ । मगर जातिको विशेष गरी शैक्षिक पक्ष र मगर जातिको छोटो चर्चामा जोड दिइ प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

अधिराज्यभरी वसोवास गरेका १९ लाखको हाराहारीमा रहेको मगर जातिहरमध्ये गाउँशहर गा.वि.स., वडा नं. ८, नरुवाल पाखाथोक भित्रको मगर जातिको अध्ययनमा सुक्ष्म र न्यून जनसंख्या देखिएको छ । यस अध्ययनले सिमित मगरहरुको मात्र प्रतिनिधित्व गरेको छ । अधिराज्य भरीका मगरहरुको विश्लेषण र तथ्याङ्कहरुलाई प्रस्तुत गर्न सक्ने अवस्थामा रहेको छैन ।

# अध्याय चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

## ४.१ लमजुङ्ग जिल्ला

लमजुङ्ग जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रमा रहेको छ । लमजुङ्ग जिल्लामा जम्मा गरेर ६१ वटा गा.वि.स.हरु रहेका छन् । लमजुङ्ग जिल्लाको मुख्यः पर्यटकीय गाउँहरुमा घलेगाउँ, घनपोखरा, सिउरुङ, भुजुङ, खासुर, पस गाउँ, गिलुङ, गौडा, हिलेटक्सार, आदि रहेका छन् । मुख्यतया : धार्मिक एवं पर्यटकीय पोखरीहरुमा भने दूधपोखरी, वाह्रपोखरी, मेमेपोखरी, इलमपोखरी, तातोपानी (वादुनडाँडा) भन्नेहरु रहेका छन् । लमजुङ्ग जिल्लाको मुख्यः ऐतिहासिक पर्यटकीय स्थलहरुमा लमजुङ्ग दरवार (गाउँशहर) मोहोरियाकोट (राइनासकोट), सिंदुरे ढुंगा, पुरानकोट, चेपेघाट, रहेका छन् । मुख्य : धार्मिक पर्यटकीय स्थलहरुमा गाउँशहर कालिका, करापुटारको इशानेश्वर महादेव, उदिपुर कालिका, कर्पुरेश्वर महादेव, भोटेवडार अकला, ह्याल्सो ह्यो गुम्बा, लक्ष्मी नारायण मन्दिर आदि ठाउँहरु लमजुङ्ग जिल्लामा अवस्थित रहेका छन् । लमजुङ्ग जिल्लाको मुख्य वजारहरुमा सदरमुकाम वेशीशहर, उदिपुर, भोटेवडार, सुन्दर वजार, तार्कुघाट, सोतिपसल, भोर्लेटार, खुदी वजार, भुलभुले, ङादी, वाहुनडाँडा, धेर्मु, स्याङे, जगत, च्याम्चे, तिलहर रहेका छन् । लमजुङ्ग जिल्लाका मुख्य नदीहरुमा मर्स्याङ्दी, मादी, चेपे, दोर्दी, खुदी, ङादी, मिदिम, रिस्ति, पाउदी, किसेदी, रुदी, पिस्ति, नाउँदी, लाङ्दी रहेका छन् ।

आ.व. २०६६/६७ को शैक्षिक तथ्याङ्कमा लमजुङ्ग जिल्लाको साक्षरता दर ६४.७९% रहेको छ । ७६.७८% पुरुष र ५४.०४ महिला रहेका छन् । खुद विद्यालय भर्नादर ९३.१% रहेको । लमजुङ्ग जिल्लामा सरकारी विद्यालय ३८१ वटा रहेका छन् । जुन २८७ प्रा.वि., ३६ नि.मा.वि., ३९ मा.वि. १९ उ.मा.वि. रहेका छन् । लमजुङ्ग जिल्लामा सरकारी विद्यालय मात्र नभई निजि विद्यालयहरु पनि रहेका छन् । निजी विद्यालयहरुको संख्या २७ रहेको छ । जसमध्ये १५ प्रा.वि., ३ नि.मा.वि, ७ मा.वि., र उ.मा.वि. २ वटा रहेका छन् । सरकारी तथा निजी गरी कूल विद्यालय संख्या ४०८ रहेका छन् । लमजुङ्ग जिल्लामा क्याम्पसको संख्या ७ वटा रेहका छन् ।

## ४.२ गाउँशहर गा.वि.स.

गाउँशहर गा.वि.स.को सिमानामा पूर्वमा वाँझखेत, हिलेटक्सार, चिति रहेका छन् । पश्चिममा दुराडाँडा, पुरानकोट रहेका छन् । उत्तरमा नाल्मा र वेशीशहर रहेका छन् भने दक्षिणमा तार्कु, उदिपुर रहेका छन् । गाउँशहर गा.वि.स.को उचाई समुन्द्री सतहको करीव ६०० मि.-२२०० मि. उचाइमा गाउँशहर गा.वि.स. रहेको छ । गाउँशहर गा.वि.स.लाई आधार मानि हेर्दा गाउँशहरको २८$^{0}$१२ मिनेट ४८ सेकेन्ड उत्तर र देशान्तर ८४$^{0}$२२ मिनेट ०१ सेकेण्ड पूर्व रहेको छ । गाउँशहर गा.वि.स.को कुल क्षेत्रफल करीव ३१ वर्ग कि.मी. रहेको छ ।

गाउँशहर गा.वि.स.को नामाकरण अर्थात् यो गाउँशहर भन्ने नाम कसरी रह्यो भन्ने सन्दर्भमा शाह वंशका पुर्खेली राजा यशोव्रम्ह शाहको राजधानी भएको सुन्दर र मनोरम टापु हालको गाउँशहर सुन्दरफाँट हालको वेशीशहर, गर्मीमा अर्थात् गर्मीको समयमा राजाको वसोवास टापु गाउँशहरमा र जाडो समयमा वेशीशहर झरेर वस्ने गर्दथे । गाउँशहर दरवारमा राजाको वसोवास हुने भएकाले त्यस ठाउँ गाउँशहर रहन गएको हो, भन्ने भनाई रहेको छ ।

गाउँशहर गा.वि.स.मा एक जातिको मात्र वसोवास नभई विभिन्न जातजाति, भाषाभाषी, धर्म मान्नेहरुको पनि वसाई रहेको छ । गाउँशहर गा.वि.स.मा प्रमुख रुपमा क्षेत्री, व्राह्मण, गुरुङ्ग, मगर, कामी, दमाई, सार्की अन्य जातिको पनि वसोवास रहेको छ ।

गाउँशहर गा.वि.स.को मोटरवाटो डुम्रे-वेशीशहर पक्की राजमार्ग जोडिदैं गाउँशहर गा.वि.स.का सवै वडाहरुमा कच्ची मोटरवाटो जोडिनुका साथै गाउँशहर गा.वि.स.वाट अन्य गा.वि.स.हरुमा पनि कच्चि मोटरवाटो जोडिएको भएता पनि वर्षा याममा प्रायः सवै जसो वाटो बन्द हुने गरेको पाइन्छ । गाउँशहर गा.वि.स. भित्र निर्माण भएका कच्ची मोटर मार्गहरु मध्ये रानीकुन-गाउँशहर करीव ८ कि.मी., गैरी, हटिया र मनकामना हुँदै नरुवाल माथि सुनार गाउँ सम्म करीव ४ कि.मी., भकुन्डे-नरुवाल-चिसापानी करीव ६ कि.मी., भकुन्डे-वसौला गाउँ हुँदै गाउँशहर करीव ५ कि.मी. रहेको छ । अन्य शाखावाटाहरुमा देउराली डाँडा-नरुवाल करीव १ कि.मी., नरुवाल मगर गाउँ - सिम्ले करीव १ कि.मी., भकुन्डे-कान्ले करीव १ कि.मी., वाहुनवेशी मगरपात्ले करीव १ कि.मी. रहेको छ ।

## ४.३ गाउँशहर गा.वि.स.को जनसंख्या

गाउँशहर गा.वि.स. भरीमा १,७५७ घरधुरी रहेका छन् । गाउँशहर गा.वि.स.को जनसंख्या ६,६११ जना रहेका छन् । पुरुषको जनसंख्या २,८५९ जना रहेको छ भने महिलाको जनसंख्या ३,७५२ जना रहेका छन् । यसरी हेर्दा र बुझ्दा साथै तालिकामा देखाएअनुसार पुरुषको जनसंख्या भन्दा महिलाको जनसख्या बढी देखिएको छ । गाउँशहर गा.वि.स.को नवै वडामा रहेका घरधुरी र महिला, पुरुषको संख्या तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.१**

**गाउँशहर गा.वि.स.को घरधुरी र महिला, पुरुषको जनसंख्या**

| वडा नं. | घरधुरी संख्या | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १२४ | २७७ | १९३ | ४७० | ७.१० |
| २ | १६७ | ३६० | २९१ | ६५१ | ९.८४ |
| ३ | २३७ | ४७९ | ४०३ | ८८२ | १३.३४ |
| ४ | १६६ | ३७९ | २६८ | ६४७ | ९.७८ |
| ५ | ९६ | २१३ | १६५ | ३७८ | ५४.७१ |
| ६ | २६९ | ५७३ | ४४० | १०१३ | १५.३२ |
| ७ | २७३ | ५६४ | ४३२ | ९९६ | १५.०६ |
| ८ | २७५ | ६०४ | ४३५ | १०३९ | १५.७१ |
| ९ | १५० | ३०३ | २३२ | ५३६ | ८.१० |
| जम्मा | १७५७ | ३७५२ | २८५९ | ६६११ | १०० |

श्रोत : District & VDC Profile, 2013

तालिका नं. ४.१ मा देखाए अनुसार गाउँशहर गा.वि.स.को सम्पूर्ण वडामा हेर्दा धेरै घरधुरी संख्या वडा नं. ८ मा देखिएको छ र जनसंख्या पनि वडा नं. ८ मा नै बढी रहेको छ । सवैभन्दा कम घरधुरी संख्या र कम जनसंख्या भएको वडा नं. ५ मा देखिएको छ । अझ प्रष्ट रुपमा माथि तालिकामा हेर्न सकिन्छ

गाउँशहर गा.वि.स. वडा नं. ८ अन्तर्गत रेहका जातजातिको घरधुरी संख्या पनि यस प्रकार रहेको छ। जसलाई तालिका नं. ४.२ मा प्रस्तुत गरिएको छ।

## ४.४ वडा नं. ८ मा रहेको जात-जाति अनुसारको घरधुरी संख्या र जनसंख्या

गाउँशहर गा.वि.स. वडा नं. ८ मा रहेको जाति अनुसारको घरधुरी संख्या र जनसंख्या तल तालिकामा देखाइएको छ।

**तालिका नं. ४.२**

**जाति अनुसारको घरधुरी संख्या र जनसंख्या**

| क.सं. | जाति | घरधुरी संख्या | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | क्षेत्री | १२४ | ३६७ | ३६९ | ७३६ | ५०.४१ |
| २. | मगर | ६८ | १९२ | १९३ | ३८५ | २६.३६ |
| ३. | कामी | १७ | ६५ | ५९ | १२४ | ८.४९ |
| ४. | नेवार | १३ | ४५ | ४५ | ९० | ६.१६ |
| ५. | दमै | १२ | ३१ | २७ | ५८ | ३.९७ |
| ६. | ठकुरी | ५ | १४ | १३ | ३७ | २.५३ |
| ७. | ब्राह्मण | ४ | १० | ८ | १८ | १.२३ |
| ८. | सार्की | ४ | १० | ८ | १८ | १.२३ |
| ९. | गुरुङ | १ | २ | २ | ४ | ०.२७ |
| जम्मा | | २४८ | ७३६ | ७२४ | १४६० | १०० |

श्रोत : स्थलगत सर्वेक्षण २०७०

तालिका नं. ४.२ मा गाउँशहर गा.वि.स. वडा नं. ८ मा रहेका सम्पूर्ण जातजातिको जनसंख्यालाई स्पष्ट उल्लेख गरिएको छ। वडा नं. ८ मा रेहका जातिहरुमा क्षेत्री जातिको संख्या अर्थात् क्षेत्री जातिका घरधुरी संख्या र जनसंख्या अरु जातिको भन्दा बढी रहेको छ भने न्यून अवस्थामा गुरुङ जातिको रहेको छ। मगर जातिको घरधुरी संख्या ६८ र जनसंख्या ३८५ जना रहेको छ। मगर जातिको समग्रतामा शैक्षिक अवस्थाको अध्ययन

गरिएको छ । वडा नं. ८ मा रहेका सम्पूर्ण मगर जातिको जनसंख्या २६.३६% मगरहरुलाई समेटिएको छ ।

## ४.५ वडा नं. ८ का मानिसहरु पढ्न जाने प्रमुख विद्यालयहरु

लमजुङ्ग जिल्लाका गाउँशहर गा.वि.स. वडा नं. ८ का मानिसहरु पढ्न जाने विद्यालयहरु प्रमुख ४ वटा रहेका छन् । ती ४ वटा विद्यालयहरुमा कुन जातिको संख्या के-कति छ भनेर पनि उल्लेख र अध्ययन पनि गरिएको छ । जसमध्ये २ वटा प्रा.वि.हरुका एउटा मा.वि. स्तरीय वोर्डिङ र अर्को उच्च मा.वि.तहका विद्यालयहरु रहेका छन् । ती विद्यालयमा कुन जाति कति छन् भनेर तल तालिकामा यस प्रकार रहेको छ ।

**तालिका नं. ४.३**

**श्री वाल विद्याश्रम प्राथमिक विद्यालय गाउँशहर-८ नरुवाल पाखाथोक लमजुङ्गको १-५ कक्षा सम्म जम्मा विद्यार्थी संख्या**

| कक्षा | छात्र | छात्रा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| शिशु/वालविकास | ७ | ६ | १३ | २८.८८ |
| १ | ३ | ६ | ९ | २० |
| २ | २ | १ | ३ | ६.६६ |
| ३ | २ | १ | ३ | ६.६६ |
| ४ | २ | ४ | ६ | १३.३३ |
| ५ | ५ | ६ | ११ | २४.४४ |
| जम्मा | २१ | २४ | ४५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका नं. ४.३ मा देखाएअनुसार श्री वाल विद्याश्रम प्रा.वि.मा जम्मा विद्यार्थी संख ४५ जना रहेका छन् । २१ जना छात्र र २४ जना छात्रा रहेका छन् । श्री वाल विद्याश्रम प्रा.वि. मा निम्न जाति/जनजाति विद्यार्थीहरु अध्ययन गरेका छन् ।

## तालिका नं. ४.४

## जातिगत आधारमा विद्यार्थी संख्या

| क.सं. | जाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | क्षेत्री | १८ | ४० |
| २. | मगर | ११ | २४.४४ |
| ३. | दमै | १० | २२.२ |
| ४. | सार्की | ३ | ६.६६ |
| ५. | ठकुरी | २ | ४.४४ |
| ६. | व्राह्मण | १ | २.२२ |
| जम्मा | | ४५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

तलिका नं. ४.४ मा देखाएअनुसार श्री वाल विद्याश्रम प्रा.वि. मा अध्ययन गर्ने धेरै संख्यामा क्षेत्री जाति, दोस्रोमा मगर जाति रहेका छन् । जम्मा ११ जना मगर जातिमा ६ जना छात्रा र ५ जना छात्रहरु रहेका छन् । तेस्रोमा (दलित) दमै जाति, चौथोमा (दलित) सार्की जाति, पाँचौमा ठकुरी र छैटौं स्थानमा व्राह्मण जाति रहेको छ । वाल विद्याश्रम प्रा.वि.को भर्नादर र अध्ययनरत विद्यार्थी संख्या हेर्दा मगरहरुको शिक्षामा उपस्थिति सन्तोषजनकनै मान्न सकिएको छ । आजभोलीको जमाना अनुसार सरकारी विद्यालयको विद्यार्थी संख्या हेर्दा यसलाई त्यति कमीको स्थानमा राख्न सकिएको छैन ।

## तालिका नं. ४.५

### श्री शान्ति प्रा.वि., गाउँशहर-८, जोगिकुला लमजुङ्गमा रहेको प्रा.वि. तहमा अध्ययनरत विद्यार्थी संख्या

| कक्षा | छात्र | छात्रा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १ | ० | ३ | ३ | ३७.५ |
| २ | ० | ० | ० | ० |
| ३ | २ | ० | २ | २५ |
| ४ | १ | २ | ३ | ३७.५ |
| ५ | ० | ० | ० | ० |
| जम्मा | ३ | ५ | ८ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका नं. ४.५ मा देखाएअनुसार श्री शान्ति प्राथमिकम विद्यालयमा अध्ययन गर्ने संख्या जम्मा ८ जना रहेका छन् । छात्र ३ जना र छात्रा ५ जना रहेका छन् । शान्ति प्रा.वि. मा विद्यार्थीको उपस्थिती ज्यादै न्यून अवस्थामा रहेके छ । यसो हुनुमा प्रायः हुनीखानीका वच्चावच्चीहरु वोर्डिङ स्कुल पठाउने कारणले र नहुनी विपन्न वर्गका मानिसहरु त्यहि पढाउन वाध्य अवस्थामा रहेका छन् । जातिगत आधारमा हेर्दा पनि दलित जातिको मात्र प्रायः अध्ययन गरेको पाइएको छ । अन्य जातिको संख्या न्यून तथा शून्य अवस्थामै देखिएको छ । केही अलि नजिकै तल वोर्डिङ स्कुल र सरकारी +२ ले पनि विद्यार्थी तानि रहेको र विद्यालय वरीपरीका वस्तिहरु विस्तारै तल वेशीतिर झर्दै गरेको अवस्थाले पनि होला, शान्ति प्रा.वि.मा विद्यार्थी संख्या न्यून देखिएको अव विस्तारै यस विद्यालय वन्द हुने अवस्थामा देखिएको छ । शान्ति प्रा.वि. विद्यालयमा कुन जात-जातिका विद्यार्थीहरु अध्ययन गरेका छन् भनेर अझ तल तालिकामा प्रष्ट रुपमा देखाइएको छ ।

### तालिका नं. ४.६

### जातिगत आधारमा विद्यार्थी संख्या

| क.सं. | जाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कामी | ७ | ८७.५ |
| २ | क्षेत्री | १ | १२.५ |
| जम्मा | | ८ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

यस शान्ति प्रा.वि.मा अध्ययन गर्ने विद्यार्थीहरु धेरैमा दलित कामी जातिका विद्यार्थीहरु देखिएको छ । यसो हुनुमा मानिसहरुको वस्ति विद्यालय वरीपरी घट्दो क्रम र हुनेखानेका छोराछोरी वोर्डिङ स्कुलमा पढाउनु यसको असर शान्ति प्रा.वि.मा प्रत्यक्ष रुपमा देखिएको छ । यसरी दिनानुदिन विद्यार्थीको संख्या घट्नुमा पनि प्रायः हुने खाने धनी वर्गका मानिसहरु विस्तारै तल वेशीतिर वसाईसराइँ गर्नु रहेको छ र दलित विद्यार्थी संख्या बढी हुनुमा त्यस विद्यालय वरपरि दलितहरुको वढी वसोवासले पनि उनीहरुको जनसंख्यामा धेरै अध्ययन विद्यार्थी संख्या देखिएको छ ।

## तालिका नं. ४.७

## श्री वाल कल्याण उच्च माध्यमिक विद्यालय गाउँशहर - ७ भकुण्डे तालफाँट लमजुङ्गमा रहेका अध्यनरत विद्यार्थी संख्या

| कक्षा | छात्र | छात्रा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| Nursery, शिशु | १२ | १० | २२ | ४.३५ |
| १. | १४ | ८ | २२ | ४.३५ |
| २. | ६ | १ | १७ | ३.३६ |
| ३. | १७ | ९ | २६ | ५.१४ |
| ४. | १२ | १२ | २४ | ४.७५ |
| ५. | १ | १६ | २७ | ५.३४ |
| ६. | २६ | ३२ | ५८ | ११.४८ |
| ७. | २० | २३ | ४३ | ८.५१ |
| ८. | २७ | ४१ | ६८ | १३.४६ |
| ९. | २८ | २७ | ५५ | १०.८९ |
| १०. | २३ | ३१ | ५४ | १०.६९ |
| ११. | ९ | १५ | २४ | ४.७५ |
| १२. | २५ | २७ | ५२ | १०.२९ |
| जम्मा | २३९ | २६६ | ५०५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका नं. ४.७ मा देखाएअनुसार श्री वाल कल्याण उ.मा.वि. मा जम्मा विद्यार्थी संख्या ५०५ जना रहेका छन् । तालिका अनुसार अध्ययन गर्ने विद्यार्थी संख्या मध्ये बढी छात्राहरुको स्रंख्या रहेको देखिएको छ । सबैभन्दा धेरै विद्यार्थी संख्या कक्षा ६ मा रहेको छ भने सवै भन्दा कम विद्यार्थी संख्या कक्षा २ मा रहेको छ ।

## तालिका नं. ४.८

## जातिगत आधारमा विद्यार्थी संख्या

| क.सं. | जाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | क्षेत्री | २३९ | ४७.३२ |
| २. | कामी | ८६ | १७.०२ |
| ३. | गुरुङ्ग | ४६ | ७.१० |
| ४. | मगर | ४३ | ८.१४ |
| ५. | सार्की | २३ | ४.५५ |
| ६. | दमै/परियार | १९ | ३.७६ |
| ७. | नेवार | १६ | ३.१६ |
| ८. | तामाङ्ग | १३ | २.५७ |
| ९. | ब्राह्मण | ११ | २.१७ |
| १०. | भुजेल/घर्ति | ६ | १.१८ |
| ११. | ठकुरी | २ | ०.३९ |
| १२. | राई | १ | ०.१९ |
| जम्मा | | ५०५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

तलिका नं. ४.८ मा देखाएअनुसार श्री वाल कल्याण उच्च मा.वि.मा जम्मा विद्यार्थी संख्या ५०५ जना मध्ये मगरहरुको विद्यार्थी संख्या ४३ जना रहेको छ, साथै ८.१४% रहेको देखाइएको छ । सवै जातजाति र विद्यार्थीको जनसंख्या अनुसार यतिको मगरहरुको जनसंख्यामा खासै न्यूनतम भने देखिएको छैन । जम्मा मगर विद्यार्थी ४३ जना मध्ये २१ ज्ना छात्राहरुको संख्या र २२ जना छात्रहरुको संख्या रहेको छ । छात्रा र छात्रहरुको संख्या विच संख्या १ ले छात्रहरुको विद्यार्थी संख्या धेरै रहेको छ ।

## तालिका नं. ४.९

## मनकामना इङ्ग्लिस वोर्डिङ स्कुल गाउँशहर-६ तालफाँट लमजुङ्गमा अध्ययनरत विद्यार्थी संख्या

| कक्षा | छात्र | छात्रा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| Nursery, शिशु | २० | १२ | ३२ | ७.६३ |
| L.K.G. | २१ | २३ | ४४ | १०.५० |
| U.K.G. | ३१ | १६ | ४७ | १.२१ |
| १. | २५ | २० | ४५ | १०.७३ |
| २. | १५ | २२ | ३७ | ८.८३ |
| ३. | १८ | १७ | ३५ | ८.३५ |
| ४. | २४ | १९ | ४३ | १०.२६ |
| ५. | १४ | १२ | २६ | ६.२० |
| ६. | १४ | १० | २४ | ५.७२ |
| ७. | १५ | १७ | ३२ | ७.७३ |
| ८. | ११ | ५ | १६ | ३.८१ |
| ९. | १४ | ९ | २३ | ५.४८ |
| १०. | ८ | ७ | १५ | ३.५७ |
| जम्मा | २३० | १८९ | ४१९ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

गाउँशहर गा.वि.स. वडा नं. ६ स्थित रहेको मनकामना इङ्लिस वोर्डिङ स्कुलमा वडा नं. ८ का विद्यार्थीहरु पनि अध्ययनरत रहेका छन् । किनकी वडा नं. ८ मा मा.वि. स्तरीय र उच्च मा.वि. स्तरीय विद्यायहरु स्थापना भएका छैन । तसर्थ नरुवाल पाखाथोक गाउँबाट मा.वि. र उच्च मा.वि. पढ्नको लागि कित अन्यत्र ठाउँ जानुपर्छ कित मनकामना वोर्डिङ स्कुल कित बाल कल्याण उ.मा.वि. विशेष गरेर पढ्न गएका छन् । हुन त वाहिर अन्य ठाउँमा पनि गएका छन् । प्राय : मा.वि. शिक्षा ग्रहण गर्न अंग्रेजी शिक्षाको माध्यमबाट पढ्नका लागि अनिवार्य रुपमा यस विद्यालयमा अध्ययनरत रहेका छन् ।

तालिका नं. ४.९ मा देखाए अनुसार मनकामना ईङग्लिस वोर्डिङ स्कुलमा अध्ययन गर्ने जम्मा विद्यार्थी संख्या ४१९ जना रहेका छन् । वोर्डिङ स्कुलमा बढी अध्ययन गर्ने संख्या छात्रहरुको रहेको छ ।

**तालिका नं. ४.१०**

**जातिगत आधारमा विद्यार्थी संख्या**

| **क.सं.** | **जाति** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | क्षेत्री | २८० | ६६.८२ |
| २. | गुरुङ | ३८ | ९.०६ |
| ३. | मगर | ३१ | ७.३९ |
| ४. | कामी | १९ | ४.५३ |
| ५. | ब्राह्मण | १७ | ४.०५ |
| ६. | नेवार | १४ | ३.३४ |
| ७. | सार्की | ७ | १.६७ |
| ८. | दमै | ६ | १.४३ |
| ९. | तामाङ्ग | ४ | ०.९५ |
| १०. | भुजेल/घर्ति | २ | ०.४७ |
| ११. | माझी | १ | ०.२३ |
| जम्मा | | ४१९ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

मनकामना इङग्लिस वोर्डिङ स्कुलमा अध्ययन गर्ने विद्यार्थीहरुमा पहिलो स्थानमा क्षेत्री जातिको विद्यार्थी संख्या रहेको छ । दोस्रो स्थानमा गुरुङ, तेस्रो स्थानमा मगर जाति, चौथो स्थानमा काम जाति, पाँचौं स्थानमा ब्राह्मण जाति, क्रमशः नेवार, सार्की, दमै, तामाङ, भुजेल/घर्ति र माझी जाति रहेको प्रष्ट रुपमा माथिको तालिकाले देखाएको छ । मगरहरु ३१ जनाको संख्यामा रहेको छ । जसमध्ये छात्रा १८ र छात्र १३ जना रहेको छ । यस मनकामना ईङिग्लस वोर्डिङ स्कुलमा अध्ययन गर्ने विद्यार्थी संख्या मगर छात्र भन्दा मगर

छात्राहरुको संख्या धेरै रहेको छ । यसरी हेर्दा पनि के बुझिन्छ भने मगर छात्राहरुमा पढ्न लेख्नमा कुनै भेदभावको स्थिति नरहेको अवस्था रहेको छ भनेर प्रष्ट रुपमा बुझ्न सकिन्छ ।

## ४.६ यी चार विद्यालयका निष्कर्षहरु

- यी ४ विद्यालयको तथ्याङ्कबाट के प्रष्ट देखियो भने सरकारी तथा वोर्डिङ दुवै खालका विद्यालयमा सवै प्रकारका जाति/जनजातिका विद्यार्थीहरु अध्ययन गर्दा रहेछन् । जातिगत आधारमा सरकारी स्कुल र वोर्डिङ स्कुल भन्ने कुरा हुँदो रहेनछ ।
- हुने खाने अर्थात् धनी वर्गका मगर लगायतका विद्यार्थीहरु प्राय: सरकारी भन्दा वोर्डिङ मै हाल्ने गरेको कुराहरु पाइयो साथै सरकारी विद्यालय र वोर्डिङ स्कुलको तुलनामा वोर्डिङ स्कुलमा विद्यार्थी बढी हुनुका कारणवाट यो कुरा प्रष्ट हुन्छ । किनकी वोर्डिङ स्कुलको कितावहरु पढ्न लाग्ने फिहरुबाट नै सवै कुरा प्रष्ट हन्छ । फि महँगो हुँदाहुँदै नै वोर्डिङ स्कुल पढाएका छन् गरीवका प्राय सरकारी र धनी वोर्डिङ पढेका कुरा रहेका छन् ।
- प्रा.वि. तहका विद्यालयहरुमा विद्यार्थी कम देखिनुका प्रमुख कारण नै आजको वदिलो समयको माग अनुसार अंग्रेजी शिक्षाको प्रभाव परेको कुरा प्रष्ट रुपमा रहेको छ ।
- श्री शान्ति प्रा.वि. स्कुलमा भने विद्यार्थीको अवस्था अन्य स्कुलको भन्दा कम हुनुमा त्यहाँको जनसंख्या क्रमिक रुपमा तल वेशी झनै अवस्था बढी रहेको र विपन्न वर्गका मानिसहरुको वसाईका साथै दलित वसोवास रहेकाले पनि पढ्नेहरुको संख्या कमी देखिएको छ ।

# अध्याय पाँच

# मगर जाति र शिक्षाको अवस्था

## ५.१ मगर जातिको घरधुरी र जनसंख्या

मगर जातिको जनसंख्या कुन-कुन समयमा के-कति हुँदै आएको थियो भन्ने सम्बन्धमा एकिन साथ भन्न सकिदैन । किनभने २०३८ सालसम्म भएको जनगणनाले मातृभाषाको रुपमा मात्र जनजातिलाई छुट्याइएको हुँदा मातृभाषा वोल्ने र अन्य जातिको संख्यामा तोक्न मुश्किल पर्ने भएकाले मगर जातिको आकार र वनौटमा के-कस्तो परिवर्तन आएको छ, त्यसै सन्दर्भमा एकिन साथ भन्न सकिने स्थिति छैन, तापनि २०६८ सालको जनगणनाअनुसार नेपाल अधिराज्यभरीको मगर जातिको जनसंख्या १८,८७,७३३ जना रहेका छन् । जुन संख्या नेपालको कुल जनसंख्याको ७.०८% मात्र देखिन्छ । स्थलगत सर्वेक्षण अनुसार गाउँशहर-८ नरुवाल पाखाथोकमा वस्ने र रहेका मगरहरुको जम्मा घरधुरी ६८ रहेको छ भने जम्मा जनसंख्या ३८५ जना रहेको देखिएको छ । जसमा १९३ पुरुष र १९२ जना महिलाहरुको संख्या रहेको छ । १ जनाको संख्याले पुरुषको जनसंख्या बढी रहेको छ ।

## ५.२ मगर जातिको शैक्षिक अवस्था

शिक्षा भन्ने कुरा एउटा अपरिहार्यताका साथै आधारभूत आवश्यकता रहेको छ । शिक्षावाट नै मानिसहरु कहाँ देखी कहाँ पुगी सकेका छन् । असम्भवका कुराहरु सम्भव पारी सकेका छन् । शिक्षाको महत्व र आवश्यकता दिनानुदिन खड्किदै गएको छ । गाउँशहर-८, नरुवाल पाखाथोकका मगर जातिमा शिक्षाको अवस्था के-कस्तो रहेको छ, साथै मगर जातिमा कति-कति सम्म शिक्षा प्राप्त गरेका र नगरेकाहरु रहेका छन् भनेर प्रष्ट रुपमा तल तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.१**

**महिला र पुरुषको साक्षर, निरक्षरको संख्या**

| **क्रसं.** | **लिङ्ग** | **निरक्षर** | **साक्षर** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|
| १ | महिला | ५५ | १३७ | १९२ | ४९.८७ |
| २ | पुरुष | १८ | १७५ | १९३ | ५०.१२ |
| जम्मा | | ७३ | ३१२ | ३८५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका नं. ५.१ बाट के प्रष्ट रहेको छ भने महिला र पुरषको शिक्षाको अवस्था हेर्दा बढी संख्यामा महिलाको निरक्षर संख्या देखिएको छ र बढी/धेरै संख्या साक्षर पुरुषहरुको रहेको छ । यसो हुनुमा पनि पुरुषहरुमा पहिला भर्ति/लाहुरे हुन जाने परम्पराले गर्दा पनि अक्षर चिन्नु पर्ने आवश्यकताले पुरुषहरुको संख्यामा साक्षरता संख्यामा बढी देखिएको होला। जहाँ सम्म लाग्छ पुरुषको तुलनामा महिलाहरुको संख्यामा यस्तो बढी निरक्षरको स्रंख्या देखिनु भनेको महिलाहरुलाई पहिला-पहिला पढ्नु पर्छ भन्ने वातावरण नभएको स्थिति देखिएको हुनाले नै यस्तो फरक रहेको हो ।

## ५.३ कुन-कुन तहमा अध्ययन गरेका छन्

गाउँशहर-८ नरुवाल पाखाथोक गाउँमा अवस्थित मगर जातिका मानिसहरु के-कति रुपमा पढेका छन् र कुन-कुन तह सम्म अध्ययन गरेका छन् त भनेर साथै महिला-पुरुषमा कुनको जनसंख्या पढेलेखेको छ भनेर तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ५.२

### कुन-कुन तहमा अध्ययन गरेका छन्

| क.सं. | तह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | प्रा.वि. | ४२ | ५८ | १०० | ३२.०५ |
| २. | नि.मा.वि | ४१ | ४३ | ८४ | २६.९२ |
| ३. | मा.वि. | २२ | ४१ | ६३ | २०.१९ |
| ४. | एस.एल.सी. | ३ | ७ | १० | ०.३३ |
| ५. | प्रमाण पत्र तह/उ.मा.वि. | १९ | २१ | ४० | १३.३७ |
| ६. | स्नातक | ७ | ४ | ११ | ३.३७ |
| ७. | स्नातकोत्तर | ३ | १ | ४ | १.३३ |
| ८. | सो भन्दा माथि | ० | ० | ० | ० |
| जम्मा | | १३७ | १७५ | ३१२ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका नं. ५.२ मा देखाए अनुसार प्रा.वि. देखी प्रमाणपत्र तह/उ.मा.वि. सम्म पुरुषहरुको संख्यामा धेरै पढेलेखेको अवस्था फेला परेको छ । स्नातक तर देखी माथिको तहमा महिलाको संख्या वढी देखिएको छ। उ.मा.वि. सम्म पुरुषको जनसंख्यामा बढी देखिनु भनेको उनीहरु यहाँ भन्दा माथि त्यति पढलेख नगरी रोजगारीको क्षेत्रमा संलग्न हुनुको कारणबाट हो । प्रमाणपत्र तहसम्म पढ्दा त्यति रोजगारीको क्षेत्रमा संलग्न हुने उमेर नभएको र त्यसभन्दा माथि पढ्ने वेलामा उमेर पुगी सकेर कोही भर्ति हुन जाने कोही विदेश जाने साथै अन्य पेशामा संलग्न हुने हुनाले पनि पुरुषहरुको संख्यामा शिक्षामा क्षेत्रमा सो तह भन्दा माथि क्रमश : ह्रासको संख्यामा वृद्धि देखिएको हो ।

## ५.४ वोलीचालीको भाषा

भाषा भन्नु नै एक-अर्का विच आदान-प्रदान गर्ने एक महत्वपूर्ण साधन हो । भाषा विना कुनै पनि कुराहरु के भनेको हो के भन्न खोज्दैछ भन्ने कुराहरु अनविज्ञ हुन्छ । भाषा

पनि विभिन्न जात-जाति, गाउँ, ठाउँ स्थान आदिको आधारमा छुट्टाछुट्टै प्रकारका भाषा भाषिहरु रहेका हुन्छन् । त्यसैले भाषा नै जीवनको एउटा त्यस्तो सञ्जाल हो, जसले चेतना र विकासलाई फैलाउँदछ । गाउँशहर-८, नरुवाल पाखाथोक गाउँमा गरिएको स्थलगत अध्ययन अनुसार मगर जातिमा गरिएको अध्ययन अनुसार त्यहाँका मगरहरु मातृभाषा (मगरभाषा) नवोल्ने सवै जना नै नेपाली भाषा (खस भाषा) लाई नै वोलीचालीको आधारमा प्रगो गरिएको भेटिएको छ ।

## ५.५ पेशा

पेशाले मानिसलाई जिवित वनाउँछ भने भ्रै पेशाले नै वाँच्नु पर्छ । पेशा विना वाँच्न पनि कठिनाई छ । गाउँशहर-८, नरुवाल पाखाथोकका मगरहरु एउटा पेशामा मात्र सिमित नभईकन विभिन्न पेशामा संलग्न रहेका छन् । कुन-कुन पेशामा वढी संलग्न भएका छन् तर नरुवाल पाखाथोकका मगरहरु भनेर तलको तालिकामा देखाइएको छ । ५ वर्ष भन्दा मुनी र ८० वर्ष काटेका वुढावुढी, वालवच्चालाई प्रस्तुत गरिएको छैन ।

**तालिका नं. ५.३**

**पेशा**

| क्र.सं. | लिङ्ग | कृषि | व्यापार | गृहणी | शिक्षक | कर्मचारी | ड्राइभर | लाहुरे | वैदेशिक | विद्यार्थी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महिला | ७१ | ० | ३४ | २ | २ | ० | ८ | ० | ५५ | १७२ | ४९.१४ |
| २ | पुरुष | ३८ | ० | ० | ० | १ | २ | ४५ | ४३ | ४९ | १७८ | ५०.८५ |
| जम्मा | | १०९ | ० | ३४ | २ | ३ | २ | ५३ | ४३ | १०४ | ३५० | १०० |

श्रोत : स्थलगत अध्ययन, २०७०

(नोट : महिलाहरु लाहुरेमा पेन्सन खाएका र लाहुरे भएका महिलाहरु हुन् भने पुरुषहरुमा पेन्सनवाला र पेन्सन ननिस्केका पुरुषहरु हुन् ।)

तालिका नं. ५.३ मा देखाए अनुसार के कुरा स्पष्ट छ भने अन्य पेशाभन्दा मगर जातिका महिलाहरु धेरै मात्रामा कृषिमा सहभागिता त्यसपछि विद्यार्थी र गृहणी पेशामा संलग्न देखिए भने शिक्षक, कर्मचारी, लाहुरेमा न्यून संख्यामा फेला पारिए भने अन्य पेशामा

शुन्यको अवस्था देखिए । पुरुषमा भने विद्यार्थी लाहुरेमा र विदेश जानेको संख्यामा धेरै मात्रामा देखिएको छ । त्यसपछि कृषिमा क्रमशः ड्राइभर, कर्मचारीमा न्यून संख्यामा रोजगारी गरेको पाइयो भने अन्यमा शून्यको अवस्था फेला पारिएको छ ।

## ५.६ शिक्षालाई हेर्ने दृष्टिकोण

लमजुङ्ग जिल्ला, गाउँशहर गा.वि.स. वडा नं. ८ स्थित मगर समुदाय भित्र सोधिएका प्रश्नावलीको आधारमा मगर जातिले शिक्षालाई के-का दृष्टिकोणबाट हेर्दछन् भन्ने सन्दर्भमा ६८ घरधुरीमा गरीएको स्थलगत अध्ययन (सर्वेक्षण) अनुसार शिक्षालाई के-का दृष्टिकोणबाट हेर्नु हुन्छ भन्ने प्रश्नमा गरिएको उत्तरहरुमा यस प्रकारको जवाफ भेटाउन सकिएको छ ।

**तालिका नं. ५.४**

**शिक्षालाई हेर्ने दृष्टिकोण**

| क्र.सं. | प्रश्न | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | शिक्षाबाट ज्ञान पाइन्छ | २२ | ३०.३५ |
| २. | शिक्षा लिनु भनेको लाहुरे वन्नको निम्ति | १७ | २५ |
| ३. | शिक्षाबाट हरेक कुराको सही गलत छुट्टाउन सफल हुन्छ | १५ | २२.०५ |
| ४. | शिक्षाले मानिसलाई चेतना दिई अगाडी बढाउँछ | ९ | १३.२३ |
| ५. | शिक्षाले परम्परावादी सोचमा फरक ल्याउँछ | ५ | ७.३५ |
| | जम्मा | ६८ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका नं. ५.४ मा देखाएअनुसार शिक्षाबाट ज्ञान पाइन्छ भन्ने घरधुरी संख्या धेरै पाइएको छ । शिक्षा लिनु भनेको लाहुरे वन्नको निम्ति दोस्रो स्थानमा, शिक्षाबाट हरेक कुराको सही गलत छुट्टाउन सफल हुन्छ, तेस्रो स्थानमा शिक्षाले मानिसलाई चेतना दिई अगाडी बढाउँछ, चौथो स्थानमा शिक्षाले परम्परावादी सोचमा फरक ल्याउँछ पाँचौ स्थानमा पाइएको छ ।

घरमुलीको आधारमा सोधिएको प्रश्नावलीमा आधारीत भएकाले सम्पूर्ण कुराहरु घरमुलीले नै जवाफ दिइएको छ । प्रश्नावली अनुसार विचैमा पढाई छाड्नु भएको हो कि हैन  भन्ने उत्तरमा धेरैले छोडेको अवस्था पाइएको छ । पढाइ छोडेको हैन भन्ने उत्तरमा उनीहरु स्कुलको मुखै नदेखेकाहरु रहेका छन् । विचमा पढाई किन छाड्नुभयो भन्दा, ऊ वेलमा पढ्न लेख्न फिः तिर्नुपर्ने, फिः महँगो, निःशुल्क शिक्षा नभएको, कपी, कलम, किताव किन्न आर्थिक अवस्थाको कमजोरी साथै विद्यालय घण्टौ-घण्टा हिँड्नुपर्ने अवस्था रहेको र कोही-कोही साथीभाईहरु त पढेका छैनन् हामी के पढ्ने भनेर पनि नपढेकाहरुको लै-लहिमा लागेर नपढेको भन्ने जस्ता उत्तरहरु गाउँशहर-८, नरुवाल पाखायोग गाउँका मगर समुदायमा फेला पारिएको छ ।

गाउँशहर-८, नरुवाल पाखाथोकका मगर समुदायमा छोरा र छोरीले गर्ने कामहरु प्राय : लगभग समान रुपमै फेला पारिएको छ । जस्तै कामहरुमा घर सफा गर्ने, कपडा धुने, भाँडा सफा गर्ने, व्यापार गर्ने, भात पकाउने, पूजा गर्ने, अतिथि सत्कार, खेतीपातीको काम, वालवच्चा हेर्ने रोजगारीमा जाने जस्ता आदि कामहरु प्रायः सवै प्रकारका कामहरुमा त्यस गाउँका मगर जातिमा कुनै पनि भेदभाव नभई छोराछारी सवैले गर्ने गरेको पाइएको छ । छोरा छोरीलाई पढाउने सम्बन्धमा पनि बोर्डिङ र सरकारी विद्यालयमा छुट्टाछुट्टै नपढाएको, छोराछोरीलाई एकै किसिमको विद्यालय पढाएको कुराहरु पाइयो । धेरै जसोको विचार धारणा आफ्नो छोरालाई लाहुरे वनाउन पाए छोरीलाई लाहुरेलाई दिन पाए वाँचे ने पाल्छ, मरे नि पाल्छ’ भन्ने कुराहरु गरेको पाइएको  छ । मगर समयदायमा गरिएको स्थलगत अध्ययन (सर्वेक्षण) मा आधारित प्रश्नावलीको उत्तरबाट के पाइयो, भने गाउँशहर-८, का मगर समुदायमा छोराछोरीप्रति समान मायाममता, लालनपालन, शिक्षा दिक्षा वरावरी रुपमा रहेको र भेदभाव नभएको अवस्था मगर जातिमा रहेको देखियो । सो अध्ययनबाट शिक्षा भन्ने कुरा पाठ्यक्रम सवै विद्यालयमा एउटै हुनुपर्ने विद्यालयहरु वोर्डिङ र सरकारी नभई दिए पढ्नी अवसर धनी र गरीवलाई शिक्षा लिने कुरामा समान हुन्थ्यो । पढ्ने, पढाउने, पाठ्यक्रम पनि सवै वोर्डिङ, सरकारी विद्यालयमा एउटै हुनुपर्ने, एउटै भएमा सवैले पढ्नमा समान सहभागिता पाउने थिए भन्ने कुराहरु नरुवाल पाखाथोक गाउँमा वस्ने मगर जातिहरुबाट सुन्नमा आएको छ ।

## ५.७ समुहगत छलफलका आधारमा तयार पारिएका प्रश्नावलीका प्रमुख निचोडहरु

### ५.७.१ विद्यालय जाने उमेरका केटाकेटीहरु

एउटै मात्र प्रश्नावलीलाई आधार मानेर अध्ययन गर्दा सहि उत्तर आउँदै र भेट्न सकिदैन भन्ने सोचले समुहमा पनि छलफल गरिएको थियो । छलफलको लागि १४ जनाको समुहमा गरिएको थियो । ७ जना छात्र र ७ जना छात्राविच छलफल रहेको थियो । सवैको घरमा प्रायः नेपाली भाषा नै वोलीचालीमा प्रयोग गरेको साथै आफ्नो मातृभाषा (मगरभाषा) नवोलेको, नेपाली (खस) भाषामानै वोलीचाली हुने हुँदा भाषाको माध्यमवाट पढाइमा कुनै विघ्नवाधा नपरेको बताएका थिए । लगभग सवैलाई पढ्ने समय पनि मिलेको, कसैलाई घरमा पढ्न-लेख्न सिकाइदिने अभिभावक रहेका थिए भने कसैलाई अभिभावक नभई आफैले पढ्नु पर्ने कुरा बताएका थिए ।

अहिले सरकारवाट १० कक्षा सम्म निःशुल्क पढाइदिने हुँदा पढ्न लेख्न सरकारी विद्यालयमा फि तिर्नु नपर्ने हुँदा पढ्नलाई कुनै समस्या नपरेको कुराहरु बताएका छन् । कसैको पारिवारिक स्थिति कमजोर (आर्थिक अवस्था) भएको हुनाले १० कक्षा सम्म पढ्न पनि कोही वेला ड्रेस कपी कलमको आवश्यकता भै रहन्छ र झन् १० कक्षा भन्दा माथिको क्याम्पसको शिक्षा लिन्छु भन्दा धेरै कठिनाइका कुराहरु आउने छन् भनेर भनेका छन् । चाहेर पनि एस.एल.सी. देखी माथिको शिक्षा लिन समस्या देखापर्ने कुराहरु वताएका छन् । प्रा.वि.तहको शिक्षा नजिकै आफ्नो गाउँ-ठाउँमा भएता पनि मा.वि.र त्यसपछिको शिक्षा आर्जन गर्न गाउँ छोडी टाढा र घरछोडी टाढा वस्नुपर्ने स्थिति गाउँशहर-८, नरुवाल पाखाथोक गाउँमा देखिएको छ । कति विद्यार्थीलाई विद्यालय टाढा हुँदा आउँदा जाँदा समस्या भोग्नु परेको बताएका छन् भने कसैले धेरै हुँदा आउँदा जादा रमाइलोको अनुभव पनि बताएका छन् । विद्यालय जाने उमेरका केटाकेटीहरुमा सोधिएका प्रश्नावली अनुसार केटाहरुमा अझै पनि सकेसम्म पहिला लाहुरे वन्न जाने लाहुरे नभए वल्ल अरु पेशा गर्ने भन्ने कुराहरु वताएका छन् । केटीहरुमा पनि कोही नाच्ने, गाउने, कलाकार वन्ने, शिक्षिका, नर्स हुने कुराहरु वताएका छन् ।

यस्ता आदि कुराहरु प्रश्नावलीबाट आएका उत्तरहरुबाट प्राप्त गर्न सकियो । जुनको प्रमुख निष्कर्ष के छ, भने छात्रहरुमा अझ पढेर अगाडी बढ्ने कुराहरु भन्दा लाहुरे हुन चासो राखेका बताएका छन् । छात्राहरुमा शिक्षिका, समाजसेवा गर्नु कुराहरु बताएका छन् । पढ्न जानको लागि प्रा.वि. तहदेखि माथिको शिक्षा लिन विद्यालयको अवस्था टाढा भएको, पढ्नमा घरपरिवारबाट कुनै रोकावट नभएको, आजभोली अभिभावकहरुमा विचारमा परिवर्तन भएका साथै उनीहरु अनपढ भएता पनि छोराछोरीलाई पढाउनु पर्छ भन्ने मानसिकता वनाएका वावा-आमा रहेका छन् भन्ने कुराहरु विद्यार्थीहरुबाट पाउन सकिएको छ ।

### ५.७.२ विद्यालय जाने उमेर पार गरेकाहरु

विद्यालय जाने उमेर पार गरेकाहरुमा छलफल १६ जनाको समुह वनाएर गरिएको थियो । ८ जना केटा र ८ जना केटीको समुह रहेको थियो । उमेरका हिसावमा २५ वर्ष-३५ वर्ष सम्मकाहरुलाई लिएर छलफल गरिएको छ । केटाहरु के-कसरी पढेका थिए भन्ने सम्बन्धमा केटाहरुमा पढ्नी भन्ने कुरा विशेष लाहुरे हुनुपर्छ, लाहुरेका निम्ति ८ पास गर्नुपर्छ भन्ने धारणाले पनि मा.वि. स्तरमा मगर जाति विद्यालय प्रवेश गरेका कुराहरु पाइएका छन् । सकेसम्म पहिला लाहुरेकै लागी अगाडी बढ्ने नसके विदेश जाने, अन्य काममा लागेका र लागि परेकाहरु पनि पाइएको कुरा उनीहरुले वताएका छन् । यसो हुनुको पछाडी कतै त समाजको/समुदायको प्रभाव, आर्थिक अवस्थाले गर्दा पनि पढाई छाडेको र नपढेको कुराहरु बताएका थिए । अवको समयमा आफ्नै जातित्व भित्र पनि पढेलेखेकाहरु विच उचित खालको प्रभाव पार्ने वातावरण सवैलाई पढौं, केही गरौं भन्ने हौसला आफ्नै समुदायबाट हुनुपर्ने तर्क वितर्कहरु पनि उनीहरुबाट भएका थिए ।

विद्यालय जाने उमेर पार गरेकाहरुमा गरिएको समुह छलफलमा के-कस्ता कुराहरु पाइए भने उनीहरु पढ्दा गाउँमै प्रा.वि. तहको शिक्षा लिन विद्यालय भएको, नि.मा.वि., मा.वि. पढ्न र सो सरहको शिक्षा आर्जन गर्न गाउँ छाड्नु परेको अवस्था वताएका र उनीहरु पढ्दामा केटाकेटीको पढ्नमा समान सहभागीता रहेको १० कक्षासम्म पढ्दा केटाकेटी (छोराछोरी) दुवैको राम्रो सहभागीता भएको र सो भन्दा माथि छोराहरु रोजगारीमा जाने क्रम बढेपछि शिक्षा क्षेत्रमा न्यून अवस्था छोराहरुको भएको वातावरण थिए । पढ्नुपर्छ भन्ने कुरा हुँदै-हुँदै पनि गाउँको वातावरण, आर्थिक अवस्थाका साथै अन्य परिस्थितिले गर्दा

पनि पनि पढाई छोडेका कुराहरु वताएका छन् । गाउँशहर-८, नरुवाल पाखाथोकमा साक्षर बढी छन् की निरक्षर भन्दा साक्षरको संख्या बढी भएता पनि निरक्षर नै धेरै छन् भन्ने कुराहरु उनीहरुको छलफलबाट आएका छन् । जे होस् पहिलाको तुलनामा आजभोली सवै जाति, भाषा, धर्म, वर्ग भएकाहरुले पनि स्वतन्त्राका साथ विद्यालय जान पाउने, पढ्न पाउने भएको छ । अवको समयमा भने निरक्षरको संख्या कमी नै हुन्छ होला भन्ने कुरा बताएका थिए । जनसंख्याको आधारमा जनजातिको स्थानमा पहिलो स्थान ओगट्न सफल रहेता पनि शिक्षाको क्षेत्रमा भने पहिलो स्थान ओगटेको छ भन्ने कुरा दावीका साथ भन्नेहरु भने भेटिएन । सरकारले शिक्षाको क्षेत्रमा कार्यान्वयन गर्दा मगर जातिलाई पनि विशेष रुपमा हेरिनुपर्छ र गाउँ समाजमा पनि पढेलेखेकाहरुलाई उतिचत खालको मान सम्मानहरु र पुरस्कारहरु उपलब्ध गराएमा अझ शिक्षाप्रति मानिसहरुको जागरुकता र चेतनामा प्रभाव पर्ने जस्ता कुराहरु उक्त छलफलबाट भेट्न सकिएको छ ।

**गाउँशहर-८, नरुवाल पाखाथोकका युवावर्ग (वर्ष ३३), आले मगरका अनुसार**

पहिले र अहिलेमा मगर जातिको शिक्षामा दृष्टिकोण कस्तो थियो भन्दा पनि अहिले आएर शिक्षामा के प्रगति भएको छ भन्दा पहिला मगर जातिमा शिक्षा भन्नु लाहुरे हुन बढी लिइने गर्दथे, किनकि त्यही अवस्था मैले पनि भोगेकै हो ८ कक्षा पास गरे लाहुरे वन्ने प्रवृत्ति धेरै बढेको थियो । आजभोली लाहुरेका निम्ति भनेर प्रायः शिक्षा लिइने गरिदैन किनकि शिक्षा विना मानिस जिउन नसक्ने अवस्था दिनानुदिन बढ्दो क्रममा छ । त्यसैले पहिला शिक्षालाई एउटा गरी खाने भाँडोका रुपमा लिइन्थ्यो भने अहिले एउटा अपरीहार्यका रुपमा लिइएको छ । अवको शिक्षा कस्तो हुनुपर्छ भने आजको आवश्यकता भनेको रोजगार मुलक शिक्षा हुनु आवश्यक छ । साथै सरकारले पनि यसको लागी कदम उठाउनुपर्छ र विशेष रुपमा पिछडिएका जनजाति वर्गलाई निःशुल्क शिक्षा उपलब्ध गराउनु पनि पर्दछ भनेर उनले वताएका छन् ।

**गाउँशहर - ८, नरुवाल पाखाथोकका युवा वर्ग (वर्ष ३५) रानामगरका अनुसार**

पहिले र अहिलेमा मगर जातिमा शिक्षा लिइने कुरा धेरै अगाडी बढी सकेको छ । पहिला-पहिला छोराछोरीलाई समान रुपमा पढाइदैनथ्यो भनि अहिले आएर छोरीहरु पनि छोरा सरह विद्यालय गएका छन् । हुनतः ऊ वेलामा छोरीलाई पनि पढाउनुपर्छ भन्ने

मानसिकता नभएर पनि हुनसक्छ । अव अहिले छोरा के हो ? छोरी के हो ? पढ्नमा समान सहभागीता रहेको छ । अव, हामी पढ्दाको अवस्था, वातावरण परिस्थिति हेर्ने नै हो भने त्यति सहज वातावरण भने थिएन । भात खाको पेट उकालो वाटो थोरै होरा फेरी २ घण्टाको उकालो चढेर पढ्न जानु पर्थ्यो फेरी गाउँ, समाज फलानाको छोरा भर्ति नभएर पढ्न हिँडेछ भन्थे । अव त्यो वेला कोलाई के थाहा पढाई (शिक्षा) भनेको एउटा आधारभूत आवश्यकता भनेर, उनीहरु नपढेकाहरुलाई ।

अवको शिक्षा भनेको धनी-गरीव सवैमा एकै खालको शिक्षा प्रणालीमा सहभागीता हुन पाउनुपर्छ । कि वोर्डिङको पाठ्यक्रम पनि सरकारी विद्यालय सरह हुनुपर्छ, कित सरकारी विद्यालयको पाठ्यक्रम पनि वोर्डिङ सरह वनाउनु पर्छ यसका साथसाथै पिछडिएका जनजाति र विशेष गरेर मगर जतिलाई प्राथमिकताको साथ हेरीनु पर्दछ +२ सम्मको शिक्षामा निशुल्क : व्यवस्था हुनुपर्दछ भनेर राना मगरले वताएका छन् ।

सारांशमा भन्नुपर्दा पहिला र अहिलेमा धेरै फरक आएको पहिला (आजभन्दा ७/८ वर्ष अघि) लाहुरेका निम्ति ८ कक्षा पास गर्नुपर्ने कुराहरु गाउँ-समाज, वातावरण पनि भर्ति हुनुपर्छ भन्ने र आर्थिक अभावले गर्दा पनि पढाइ छाडेका कुराहरु छलफलबाट पाउन सकियो । आजभोली केही रुपमा पहिलाको तुलनामा अलि बढी नै शिक्षा संलग्न भएका कुराहरु, घरका अभिभावकहरु नपढेका भएता पनि देखेर, सुनेर, भोगेर भए पनि आजभोली पढाउनुपर्छ छोराछोरीलाई भन्ने विचारमा परीवर्तन आएको छ भन्नि आएको छ भन्नुका साथै शिक्षा क्षेत्रमा उन्नति र प्रगति भएको कुराहरु उक्त समुह छलफलबाट प्राप्त गर्न सकियो ।

### ५.७.३ अभिभावकहरुप्रति सोधिएको प्रश्नावलीको प्रमुख निचोडहरु

अभिभावकहरुसँग छलफल वा कुराकानी १४ जनाको समुह भित्र गरिएको थियो । समुह छलफलका लागि ७ जना पुरुष र ७ जना महिलाहरुलाई समेटिएको छ । छलफलमा ४० वर्ष देखि ८२ वर्ष सम्मका अभिभावकहरु रहेका छन् । महिलाहरुका अधिकांश (धेरै) जनाहरु नपढेकाहरु संलग्न रहेका छन् । अभिभावकहरु छलफल गर्दा अहिले छोराछोरीहरुप्रति समान दृष्टिकोण र मायाममता रहेको कुरा बताएका छन् । पहिला-पहिलाको जमानामा छोरीहरुलाई किन पढाइएना भनेर छलफल गर्दा छोरीहरु पढाउने चलन

त्यति नभएको, नपढे पनि लाहुरे केटा पाइहाल्छ भन्ने सोच र छोरीलाई पढाएर के गर्नी केटालाई चिठी लेख्छ, पोइला जान्छ भन्ने सोच धेरै भएकाले त्यसको साथसाथै पनि बुढापाकाको कुरा अनुसार ऊ वेलाको निरकुंश राणा शासन भएको हुनाले पनि शिक्षामा विकास हुन सकेन । विचको मझौले उमेरकाहरुसँगको भनाईमा पढ्दा फि तिर्नुपर्ने, पैसा नहुने, फि. महँगो, घरदेखी विद्यालय जाँदा घण्टौ-घण्टा हिँडेर जानुपर्ने अवस्था यस्ता आदि कुराहरु अभिभावकहरुको छफलबाट पाउन सकियो । पुरानो जमानाका महिलाहरुमा प्रश्न गर्दा के-कति महिलाहरु विद्यालय सभागीता भएका थिए त भन्दा छोरीहरुको सहभागीता भन्ने हो भने शून्यको अवस्था मै, यदाकदा सहभागीता भै हालेको भए हुनीखाने र ठूला वर्ग र जातिहरु भएको भनेर बताएका थिए ।

यसै शिलशिलामा गाउँकै वुढापाका वर्ष ७८ का आलेमगरका अनुसार पहिले र अहिलेमा शिक्षाको कुरा गर्दा धर्ती र आकाशको फरक जस्तै छ । पहिले शिक्षालाई खासै महत्व दिदैनथे । फलनाले पढेछ रे भन्दा “ओ हो ! अव त्यसलाई खान नपर्नी भयो पढेर पेट भर्छ रे भनेर उडाउने गर्दथे ।” आजभोली पढेको छैन भने नपढे के गर्छ रे त भन्छ, अहिले र पहिले शिक्षामा हेरीने दृष्टिकोणमा फरक छ, अहिले त नपढेकाहरु कामै छैन जमानाले गर्दा होला जस्तो लाग्छ । अफू त पढिएन अव त्यो वेला पढ्नी चलन भनेको टाठा बाठाका छोराहरु र धनीहरु पढद्थे । अव शिक्षा सवैका लागि कुना काप्चामा समेत पुगोस् जस्तो लाग्छ भनेर वताएका थिए । यसै क्रममा अर्का बुढापाका वर्ष ७२ की रानामगरका अनुसार पहिले त मगर जातिमा शिक्षा भन्ने कुरा विरालै होला, अहिले त जन्मेको २.३ वर्ष हुन पाछैन स्कुल कुदाई हाल्छन् । अहिले त के कुरा गर्ने र धेरै राम्रो विकास भाको छ नि पढाईमा त हामी पो वनपात, मेलापात गरियो पढ्नी वातावरण थिएन । बाउ आमाले पनि के गर्छस् पढेर काम नगरी खाना पाइदैन भन्थे यस्तो अल्छिलाई कोले विहे गर्छ र भन्थ्यो । जाँगरिलो हुनुपर्छ, अल्छि भयो भनी राम्रो हुँदेन भन्थे । त्यो वेलाको सोझो जमाना पढ्नी त कुरै आएन । झन् कतावाट पढाउनी हामीलाई र अवको शिक्षा भनेको सवैले पढ्न पाउन्, सरकारले व्यवस्था गर्दिए यही राम्रो छ भनेर वताएकी छिन् ।

पहिला-पहिलाका वुढापाकाहरुमा त नपढे पनि लाहुरे हुन सहज वातावरण रहेको र पहिला लडाई परिरहन्थ्यो गोली लाएर मान्छेहरु मरिरहन्थ्यो । घरवाट लाहुरे हुन पठाउँदैनथ्यो, त्यसैले होला गल्लाहरु गोठाला, खेताला, वनपात, मेलापात वाउ-आमाको

कन्ना पछाडी ललाई-फुकाई, प्रलोभनमा पारेर लाने गरेको त्यति वेलाको तितो-सत्य कुराहरुको पनि जानकारी पाइएको छ । महिलाहरु भने पढेलेखेको कमै रुपमा भएको, जसरी भएपनि लाहुरे केटा पाइहाल्छ, लाहुरे माग्न आई हाल्छ, सवै भन्दा जाँगरिलो र मेहनती भए भइहाल्छ, पढेर के हुन्छ र केटालाई चिठी लेख्ने छोरीवेटी विग्रने कुरा हो भन्ने कुराले गर्दा पनि नपढाइएको गुनासो उनीहरुबाट भएको थियो । कामको महत्व भएको र पढाइको महत्व नभएको कुरा पहिलाको समाजमा रहेको पाइएको, हामीहरु अनपढ भएता पनि छोराछोरीलाई पढाउनुपर्छ भन्ने कुराहरु भएको आजभोली छोराछोरीहरुले केही कुरा अंग्रेजीमा भन्दा नवुझेर ट्वाल्ल पर्नुपर्छ, अवका छोराछोरीहरुले यस्ता समस्या भोग्न नपरोस् भन्ने मान्यताहरु पनि उनीहरुको छलफलबाट पाइएको छ ।

मुख्यः कुरा के छ भने पहिलाको जमानामा नपढेका वावा-आमाहरु पनि अहिले आएर आफ्नो छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतना सवैमा विकास भएको र गाउँशहर-८, नरुवाल पाखाथोकका मगर समुदायमा छोरा र छोरीप्रति हाल कुनै पनि भेदभाव नगरिएको, साथै मर्दा पर्दा (जिउँदो हुँदा र मृत्यु हुँदा) पनि छोरा र छोरीको उत्तिकै आवश्यकता रहन्छ भन्ने कुरा उक्त छलफलबाट प्राप्त गर्न सकिएको छ । साथै लमजुङ्ग मगर समाजका अध्यक्ष ५२ वर्षीय थापा मगरले शिक्षा एउटा नभइ नहुने महत्वपूर्ण अंग हो । शिक्षाबाट नै हरेक कुराको उपलब्धि हाँसिल गर्न सकिन्छ । प्रश्न अनुसार भन्नुपर्दा मगर समुदायमा पहिले शिक्षालाई त्यति महत्वका साथ हेरिदैनथ्यो पढेर के हुन्छ र पढेर खाना लाउन दिदैन काम नै गर्नुपर्छ भनिन्थ्यो भने अहिले शिक्षा विना जीवन अँधेरो छ भनेर शिक्षालाई महत्व दिन थालिएको छ । म खासै पढेलेखेको व्यक्ति भनि हैन मेरो शिक्षा भन्नु ६ कक्षा सम्म पढेको हुँ । त्यति वेलाको वातावरण त्यस्तो सहज थिएन । कता पाउनु चप्पल जुत्ता खाली खुट्टा हिँडेर पढ्न गइन्थ्यो त्यति टाढाको दुरी, अलिहेको समय अनुसार हामी पढ्दाको समय एउटा आकास धर्तीको फरक रहेको छ । अवको शिक्षा भने मगर जातिलाई पनि प्राथमिकताका साथ हेरेर सरकारले +२ सम्मको शिक्षा निशुल्कः उपलब्ध गराइदिनु पर्छ र पढ्न लेख्न भन्दा पनि रोजगारीको हिसावले शिक्षा क्षेत्रमा सरकारले लगानी गरी दिनुपर्छ र सरकारको भावी योजना शिक्षाप्रति चासो राखेर र पिछडिएका जनजातिका लागि सरकारबाट पहल हुनुपर्छ भन्ने कुरा वताएका छन् । गाउँका समाजसेवी वर्ष ४६ का रानामगरले हाम्रो जमाना अनुसार कुरा गर्दा हामी पढ्दाको समय भौगोलिक विकटता र अशिक्षित समाजमा पढ्न सहज वातावरण नभएको गाउँले परिवेश, रोदीको चलन, आजापूजा, हाटवजार, राम रमिता,

दशैं, तिहार जस्ता चाडपर्व र जात्राहरु । दशैं तिहारको लगत्तै वार्षिक परिक्षा दिएर कक्षा पास गर्नुपर्ने ३/४ घण्टाको लामो दुरीको विद्यालय भएको कुरा, फेरी पढ्नी वातावरण भन्दा लाहुरे हुनुपर्छ भन्ने वातावरण फराकिलो हुनाले पनि पढ्नी भन्नि कुरा पहिले त्यति सहज कुराहरु थिएन । अवको शिक्षा एउटा साक्षरको हिसावले नभई रोजगारी मुलक शिक्षा भै दिए समाज, देश अझै राम्रो हुन्थ्यो भन्ने लाग्छ, भन्ने कुरा उहाँले वताउनु भएको छ ।

यसरी शिक्षावारे पहिला र अहिलेमा भएको शिक्षाप्रति महत्वका वारे प्रष्ट बुझ्न सकिन्छ । किनकी पहिला शिक्षालाई त्यस्तो आधारभूत रुपमा नलिएको कुरा र अहिले शिक्षा एउटा अपरिहार्य रहेको कुरा बुझ्न सकिन्छ । शिक्षाले मानिसलाई सँधै सत्मार्ग र प्रेरणा दिइरहन्छ भन्ने कुरा सफलताका साथ सिकाउँछ ।

## ५.८ निचोड

यि विभिन्न खालका उमेर समुह लगायत अभिभावक साथै प्रमुख जानकारी व्यक्तिहरुसँग छलफल अन्तरवार्ता अनुसार के कुरा पाइयो भने विद्यालय जाने उमेरका केटाकेटीहरमा भाषाको माध्यमबाट शिक्षामा कुनै असर नपरेको, वोलीचालीमा आफ्नो मातृभाषा नवोलेको कुरा पाइएको छ । पढ्ने वातावरण पनि पाएको र घरपरीवारबाट पनि राम्रो पढ्नु पर्छ, धेरै पढ्नु पर्छ भनेको कुरा वताएको पाइएको छ र अहिले मा.वि. स्तरसम्म पढ्दा कुनै त्यस्तो आर्थिक समस्या भोग्न नपरेपनि क्याम्पस पढ्नमा केही आर्थिक अवस्था कमजोरी भएकाहरुलाई गाह्रो पर्ने कुरा वताएका छन् । विद्यालय जाने उमेर पार गरेकाहरुसँग छलफल गर्दा केटाहरुमा पहिला धेरै पढ्नुपर्छ भन्दा पनि र कक्षा पास गरेर लाहुरे वन्ने सपना प्रवल रहेको कुरा बताएका छन् । केटीहरुमा पढ्दा पढ्दै राम्रो घरकेटो आयो भनी पढाईलाई अभिभावकले कुनै मतलव नगरी विहे गरिदिने गुनासो पोखेका छन् । १० कक्षासम्म केटा र केटीको विद्यालयमा पढ्ने वरावरी सहभागीता भएता पनि त्यस भन्दा माथि केटाहरु रोजगारीमा जाने र केटीहरु घरजम गरेर वस्ने स्थिति पनि रहेको बताएका छन् ।

अभिाववहरुसँग गरेको छलफलअनुसार धेरै अभिभावकहरु अनपढको अवस्था रहेको आफू तपढेता पनि छोराछोरी दुवैलाई पढाउने, कुनै भेदभाव नगर्ने आफू नपढ्दा कति दैनिक जीवन गुजार्न गाह्रो भएको महसुस गर्दै छोराछोरीले यस्तो अवस्था भोग्न नपरोस्

भन्दै उनीहरु पढाइ-लेखाईमा चासो देखाएको पाइएको छ । अभिभावकहरुले आफ्नो पिडा पनि पोखेका छन् । ऊ बेला पढ्नी जमाना भन्दा पनि लाहुरे हुनुपर्छ भन्ने सोचाई फेरी आर्थिक अवस्थाले गर्दा पनि पढ्न भन्दा पेशामा संलग्न हुनुपर्ने, विहान खाए बेलुका के खाने भन्ने स्थितिले पनि पढ्नी वातावरण नरहेको, पैसा भए पनि अहिलेको जस्तो खाद्यान्नको श्रोत वाहिरबाट आउने गर्थेन, आफ्नै खेतीपाती गरेर खानुपर्ने त्यसैले गर्दा पनि पढ्नमा त्यति चासो र महत्वका साथ नरहेका बताएका छन् ।

प्रमुख जानकारी व्यक्तिहरुसँग गरीएको अन्तरवार्ता अनुसार भने अवको शिक्षा साक्षरताको हिसावले नभई सीप मुलक र रोजगार मुलक हुनुपर्ने र एस.एल.सी. देखी उच्च मा.वि. सम्म मगर जातिलाई मध्यनजर गर्दै पढ्नमा फि तिर्नु नपर्ने कुरा सरकारबाट पहल हुनुपर्ने कुरा वताएका छन् । पढ्नको लागि सरकारी स्कुल वोर्डिङ स्कुलको पाठ्यक्रम पनि एउटै हुनुपर्ने एउटै भएमा शिक्षामा सहभागीता समान रुपले हुन पाउने थिए पनि भनेका छन् ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

मगर जातिको शिक्षाको अवस्थाबारे शोधमुलक कार्य गर्दा सवैवाट प्रस्ट कुराहरु पाइएको छ । यसो हुनुमा पनि उक्त ठाउँ गाउँको वारेमा राम्रोसँग चिनजान र उनीहरुको रहनसहन, वातावरणप्रति अनुकुल भएको कारणबाट होला । अध्ययन गर्दा सवै कुरा पूर्ण हुन्छ भन्नु पनि छैन, जसको लागि समस्या पनि हुने गर्दछ भने भनै सम्पूर्ण घरधुरीमा गरीएको अध्ययन हुनाले त्यहाँको घरमुली भेट्न कहिले सकिन्थ्यो भने कहिले सकिन्थेन । घरमुलीको आधारमा तयार पारीएको शोधपत्रमा घरमुली बुढापाका हुने हुनाले उनीहरुको समयाअनुसार नै कुराहरु बढी रहेका छन् ।

मगर जातिमा शिक्षाको अवस्थावारे गरीएको कार्यको मुख्य उद्देश्य त्यहाँका मगरहरुले शिक्षालाई के-का दृष्टिकोणवाट लिन्छन् ? उक्त ठाउँमा शिक्षा प्राप्त गरेका र नगरेका मगरहरु के-कति संख्यामा रहेका छन् ? शिक्षामा पहिले र अहिले आएका परिवर्तन के-कस्ता छन् र छोरीलाई पनि छोरा सरह शिक्षामा समान पहुँच छ कि छैन भनेर यस शोधपत्रको मुख्य उद्देश्य रहेको छ ।

प्रस्तुत शोधपत्रलाई के-कसरी मूर्त तुल्याउने भन्ने विधिहरुमा अन्तरवार्ता, अवलोकन, समुह छलफल, प्रमुख जानकारी व्यक्तिहरुसँग अन्तरवार्ताका साथै स्वेदशी तथा विदेशी लेखकहरुले लेखेका पुस्तक, लेख, रचना, अभिलेख, पत्रपत्रिका, केन्द्रिय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क र जि.वि.स. बाट प्राप्त तथ्याङ्कहरुलाई समेटेर शोधपत्रको विधिहरुलाई पूर्णता दिइएको छ ।

लमजुङ्ग जिल्ला, गाउँशहर गा.वि.स. वडा नं. ८ अन्तर्गत गरिएको मगर जातिमा शिक्षाको अवस्था भन्ने शोधपत्रका अध्याय ४ र ५ मा गरिएको वर्णनात्मक विश्लेषणको आधारमा मगर जातिको शैक्षिक अवस्थाका सारांश निम्न अनुसार रहेका छन् ।

मगर जातिको आफ्नै भाषा, धर्म, भेषभूषा रहेता पनि, गाउँशहर-८, नरुवाल पाखाथोकका मगरहरु हिन्दु धर्ममा प्रभावित रहेका छन् । अन्य जाती वाहेक जनसंख्याको हिसावले आदिवासी जनजातिमा पहिलो स्थान ओगटेको र राष्ट्रको कुल जनसंख्यामा तेस्रो स्थान ओगटेको मगरहरुको प्रायः सबै जिल्ला र ठाउँहरुमा वसोवास रहँदै आएको पाइएको छ । गाउँशहर-८ , नरुवाल पाखाथोकका मगर समुदायमा आफ्नो मातृभाषा (मगरभाषा) कसैले पनि वोल्ने गरिएको पाइएन । वोलीचालीमा खस (नेपाली/राष्ट्रिय) भाषा नै प्रयोग गरिएको पाइएको छ । त्यस गाउँमा रहेका ३८५ जना मगरहरुमा ६८ घरधुरी रहेको र १९३ जना पुरुष र १९२ जना महिलाहरु रहेका छन् । १९२ जना महिलामा साक्षर १३७ जना, निरक्षर ५५ जना रहेको र १९३ जना पुरुषमा साक्षर १७५ जना र निरक्षर १८ जनाको संख्यामा भेटियो । पुरुष र महिलाको तुलनामा उक्त गाउँमा पुरुषको साक्षरता दर बढी मात्रामा पाइएको छ । उक्त गाउँका मगरहरु कुन-कुन तहमा पढेका र के-कति शिक्षा प्राप्त रहेका छन् भन्ने विषयमा प्रा.वि. तहमा महिला पुरुष गरेर १०० जना, नि.मा.वि. मा ८४ जना, मा.वि. मा ६३ जना, एस.एल.सी. १० जना, प्रमाण पत्र तहमा ४० जना, स्नातक ११ जना र स्नातकोत्तरमा ४ जना रहेको अवस्था भेटियो । भाषाले गर्दा शिक्षा क्षेत्रमा कुनै विघ्नवाधा नपरेको पाइएको छ, किनकी त्यहाँका मगरहरु मगर भाषा वोलीचाली गरेका छैनन् । त्यहाँका मगरहरु बढी मात्रामा पुरुषहरु वैदेशिक रोजगार र लाहुरेको पेशा अँगालेका रहेका छन् र कृषिमा पनि आधारित छन् भने अन्य पेशामा न्यून रुपमा सहभागीता रहेका छन् भने महिलाहरु बढी कृषि भै आधारित रहेका छन् । ६८ घरधुरीको स्थलगत सर्वेक्षण अनुसार सोधिएको प्रश्नावलीको आधारमा उत्तरहरु के-कस्ता भेटिए भने मगर समुदायमा छोराछोरीलाई समान माया ममता र समान व्यवहार गरेको थाहा पाउन सकिएको छ । शिक्षा लिनु भन्ने कुरा यदाकदी कोहीकोहीलाई शिक्षावाट भर्ति (लाहुरे) हुन सजिलो हुन्छ भन्ने लागेको छ । साथै धेरैमा शिक्षाबाट उचित ज्ञान, विवेक पाइन्छ भन्ने जवाफहरु पनि भेटिएको छ । सरकारले सरकारी विद्यालय वोर्डिङ विद्यालयहरुमा एकै किसिमको पाठ्यक्रम राख्नुपर्ने कुराहरु नरुवाल पाखाथोक गाउँका मगर अभिभावकहरुबाट गुनासोहरु आएका छन् । हुनीखानी धनीवर्गका छोराछोरीहरु सँधै अगाडी बढी रहने भए भने नहुने विपन्न वर्गका निमुखाहरुका छोराछोरीहरु सँधै पछाडि पर्ने स्थिति आएको छ भनेर बताएको पाइएको छ ।

विद्यालय जाने उमेरका केटाकेटीमा गरिएको समुह छलफल अनुसार सवैले पढ्ने वातावरण पाएका र कोही-कोहि आर्थिक अभावले गर्दा १० कक्षा पछिको शिक्षा लिन कठिनाई पर्ने पढ्न चाहेर पनि आर्थिक अवस्था न्यून हुनाले पढ्न नसक्ने कुराहरु पनि बताएका छन् । विद्यालयमा केटाकेटीहरु समान रुपमा विद्यालय सहभागी पनि भै राखेका छन् भन्ने कुरा पाइएको छ । विद्यालय जाने उमेर पार गरेकाहरु विच समुह छलफल गर्दा पहिलाका युवा पिँढीहरुले प्रायजसो लाहुरेका लागी ८ कक्षा पास गर्नुपर्ने धारणाले पढेका र पढ्नी इच्छा भएता पनि गाउँ, समाज, वातावरणले गर्दा शिक्षा प्रति प्रभाव नपरेको कुरा वताए । अभिभावकहरुसँग गरिएको समुह छलफलहरुमा धेरै जसो अभिभावकहरु अशिक्षित र आफूहरु अशिक्षित भएता पनि सन्तानहरु अशिक्षित र निरक्षरको रेखामुनी कोही नपरोस् र हामीले भने अनुसार छोराछोरीहरुले चाहे अनुसार शिक्षा प्रति कुनै रोकावट नगर्ने, छोराछोरीलाई समान रुपमा पढाउनुपर्छ भन्ने मानसिक विकास भएको अभिभावकहरुमा पाइएको छ । प्रमुख जानकारी व्यक्तिहरुसँग गरेको अन्तरवार्ता अनुसार पहिला शिक्षालाई वेवास्ता गरिएता पनि अवको दिनमा शिक्षा भन्नु आधारभुत आवश्यकता र एउटा शरीरको मेरुदण्ड जस्तै हो भनेर बुझेका कुराहरु वताएका छन् ।

## ६.२ निष्कर्ष

लमजुङ्ग जिल्ला, गाउँशहर गा.वि.स., वडा नं. ८ का मगर समुदायमा गरिएको स्थलगत अध्ययन अनुसार त्यहाँका मगरहरुमा पहिला शिक्षामा जेजस्तो अवस्था भोगेता पनि अवका भावि दिनहरुमा शिक्षालाई चासोका विषय वनाई अगाडी बढाउने प्रयत्न गरिने छ भन्ने आश्वासन पाइएको छ । पहिला शिक्षा भन्नु केही हैन एउटा काम ठग्ने बाटो भनिएको भए पनि अव शिक्षा भन्ने कुरा हाम्रै लागी भन्ने कुरा बुझेका छन् । शिक्षा लिनु लाहुरेका निम्त हो भनेर जकडिएको मगर समुदाय आजभोली शिक्षामा नै जीवन छ भनेर सकारात्मक धारणा र मानसिक विकास भएको कुराहरु पाइएको छ । पहिलाका निरक्षर वावा-आमालाई अहिले हरेक कर्य गर्दा शिक्षाको आवश्यता र महत्वको अभास गरेका कुराहरु पनि पाइएको छ । तसर्थ उनीहरु नपढेता पनि छोराछोरीहरुलाई पढाउनुपर्छ र पढाउने छौ भन्ने अठोट लिएका छन् ।

पहिलेका अनपढ जमाना र अहिलेको शिक्षित जमानामा हरेक कुराहरुको फेरवदल र भिन्नता आएको, अहिलेको प्रतिस्पर्धाको जमानामा शिक्षा नभएर नै मगर जाति पछाडी

परेका र शिक्षा नभएर नै कार्यालयको काममा सहभागी हुन नसकेको कुराहरु पनि बताएका छन् । अब भने हामी मगर जातिरु पनि पढ्नु पर्छ भन्ने लक्ष्य बोकेको अवस्था पाइएको छ । शिक्षाको क्षेत्रमा अगाडी बढे अन्य जुनसुकै क्षेत्रमा पनि अगाडि बढ्न सकिन्छ भन्ने कुराको विश्वास रहेको गाउँशहर-८, नरुवाल पाखाथोकका मगर समुदायमा रहेको पाइएको छ ।

मगर जातिको सामाजिक परिवेश र आर्थिक अवस्थाले गर्दा पनि एकै ठाउँमा वसोवास नभई अन्य ठाउँमा रोजगारी र काम विशेषले गर्दा पनि अन्य ठाउँमा आउने जाने क्रम भैरहने हुनाले पनि धर्मप्रति लचकता देखिएको छ । तै पनि नरुवाल पाखाथोकका मगर जातिमा हिन्दु धर्ममा बढी प्रभावित र साथै उक्त गाउँका मगरहरुमा धर्मप्रति भन्दा पनि शिक्षाप्रति गरिएको शोधकार्य हुनाले अन्य जातिको तुलनामा मगर जाति कमै रुपमा पढेलेखेकाहरु पाइएको छ । गाउँशहर-८, नरुवाल पाखाथोकमा मगरहरु मात्र वसोवास नभई व्राह्मण, क्षेत्री, गुरुङ्ग, नेवार, ठकुरी, दमाई, कामी, सार्कीहरुको पनि वसोवास रहेको छ । मगर समुदायको पारिवारिक स्वरुप एकल परिवार देखी संयुक्त परिवार सम्म भएको पाइयो । मगरहरु पहिला नपढेका भएता पनि अव प्रौढ शिक्षा लिने कुराहरु पनि गरेका छन् । महिला र पुरुष भनेर एक-अर्कामा भेदभावको स्थिति देखा नपरेको यसका साथै नरुवाल पाखाथोकका मगरहरुमा पेशाको कुरा गर्दा अन्य पेशा भन्दा लाहुरेलाई नै मान्यता दिएका कराहरु भेटिएका छन् र छोरीहरुलाई पहि लाहुरेलाई दिए सुख पाउँथे भन्ने कुराहरु पनि गरेका छन् । तर आजभोलीका पढेलेखेकाहरुको विचारमा भने लाहुरे भए मात्र वाँच्न सकिन्छ भने कुरा प्रति चासो नभएको पनि बताए । उनीहरुको कुरा गराईमा के भेटियो भन्दा “पहिला नपढेर लाहुरे-लाहुरे भन्दै दकुर्ने अहिले आएर कार्यालय, प्रशासन क्षेत्रमा हामीलाई पनि कोटा हुनुपर्छ भन्ने ऊ बेलामा वाहुन क्षेत्रीले पढे लेखेका थिए, उनीहरुले कार्यलयको काम पाए, मगरहरु लाहुरे भन्दा हुरुक्कै नपढ्नी कता पाउनी अहिले आएर कर्मचारी पद पनि भनेर भनेका छन् ।” ऊ वेलामा नपढ्दाको तितो क्षणहरु पनि उनीहरुले महसुस गरेको पाइएको छ । त्यसैले अवका मगरहरु पढेर आफ्नो अधिकार खोज्नुपर्छ । अर्काको देशको गुलामी भएर हैन आफ्नै देशको सेवामा तत्पर हुनुपर्छ भन्ने कुराहरु पनि गरेका छन् ।

गाउँशहर-८, नरुवाल पाखाथोकका मगर जातिमा छोराछोरीप्रति कुनै पनि भेदभागको स्थिति नरहेको छोराछोरी दुवैलाई समान व्यवहार, मायाममता र महत्व दिएको,

छोराछोरीहरुलाई एकै किसिमको विद्यालय पढाएको, आजभोलीका केटाकेटीहरु प्रायजसो सवै जना विद्यलय गएको कुराहरु भेटिएको छ । अलिहे पढ्ने उमेरका केटकेटीहरुमा विद्यालय छाडेका त्यति भेटिएका छैनन् । एस.एल.सी. पास गर्न नसकेकाहरु पढाई छाडेका र सोभन्दा माथि पढेकाहरु धेरैजसो केटाहरुमा रोजगारीमा हिँडेका र केटीहरु घरगृहस्थीमा लागेकहरु भेटिएका छन् । जे होस् पहिला र अहिलेको तुलनामा नरुवाल पाखाथोकका मगर जातिहरुमा शिक्षाप्रति परिवर्तन भएको कुराहरु पाउन सकिएको छ । पहिलेका अभिभावकहरु निरक्षर छन् भने अहिलेका धेरै नपढेता पनि साक्षरता रुपमा गनिन सक्ने अवस्थामा रहेका छन्

मगर जातिमा गरिएको अध्ययन अनुसार मगर जातिको उत्थान र विकास तर्फ सरकारी तथा गैरसरकारी निकायवाट पहलका कुराहरु उठाएतापनि विशेष रुपमा कुनै क्षेत्रवाट पनि ध्यान दिइएको पाइएको छैन । मगर जातिको शिक्षाको स्थितिलाई हेर्दा अन्य जातिको तुलनामा राम्रो प्रगति र विकास भएको भने त्यति पाइएको छैन । यसका साथसाथै शैक्षिक क्षेत्रमा भन्दा पनि बढी विदेशीने संख्यामा दिनानुदिन जनसंख्याहरु बढेको पाइएको छ ।

# सन्दर्भसामाग्रीहरु

**नेपालीमा**

कोइराला, विद्यानाथ (२०६४), *शिक्षामा वैकल्पिक चिन्तन, सामाजिक अनुसन्धान र सामग्री विकासका लागि मञ्च,* एफो-नेपाल ।

कार्की, अशोक कुमार, (२०६३), *स्वास्थ्य शिक्षामा शैक्षिक प्रविधि* (स्रोत पुस्तक), काठमाडौं : पैरवी प्रकाशन ।

काफ्ले, वासुदेव र पौडेल, गिरिराज, (२०६४), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* कीर्तिपुर : जुपिटर पब्लिकेशन प्रा.लि. ।

कावाकित जे, (२०४७), *नेपाल हिमालयका जनजातिहरु,* काठमाडौं : लुस प्रेस ।

घर्ती मगर, रणप्रसाद, प्रथम (२०६४), *नेपालको मगर आदिवासी, जनजाति र खस राज्यको परीचय,* धनकमारी घर्ती मगर ।

चेमजोङ, इमानसिङ, प्रथम प्रकाशन (२०५१), *किराँत इतिहास र संस्कृति,* शनिश्चरे गा.वि.स. - ६, शालवाडी, शनिश्चरे, जिल्ला झापा ।

थापा, छन्तेल, कृष्णबहादुर, फागुन (२०६५), *मगरदीप* अंक ४, ललितपुर : मगर समाज सेवा केन्द्र ।

नकर्मी, सुदिपसिंह (२०६८), *उच्च शिक्षामा सहभागीता असमानताका सामाजिक आयाम,* काठमाडौं : मार्टिन चौतारी ।

वराल मगर, केशरजङ्ग (२०५०), *पाल्पा, तनहुँ, स्याङ्जाका मगरहरुको संस्कृति,* नेपाली राजकिय प्रज्ञा-प्रतिष्ठान कमलादी ।

भण्डारी, कृष्णप्रसाद, (२०५८), *समाजशास्त्र र मानवशासत्रको परीचय,* काठमाडौं : एम.के पब्लिशर्स एण्ड डिष्ट्रीव्यूटर्स भोटाहिटी ।

महर्जन, रामकृष्ण र श्यामकृष्ण महर्जन, (२०५३), *पारिवारिक जिवनशिक्षा,* कीर्तिपुरः जनसंख्या शिक्षा एकाई शिक्षा शास्त्र संकाय ।

शर्मा, हिमाल, (२०६९), *स्वियू स्मारिका* (२०६५-२०६९), काठमाडौं : स्वतन्त्र विद्यार्थी यूनियन विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर ।

श्रीस मगर, मीन, चैत्र (२०६७), *मगर जातिको चिनारी,* काठमाडौं : आदिवासी जनजाति उत्थान प्रतिष्ठान र नेपाल मगर संघ केन्द्रिय कार्यालय, कलंकी ।

श्रीस मगर, मीन, (२०६८), *मगर पुजारी रहेका प्रसिद्ध देवस्थलहरु,* काठमाडौं : मगर अध्ययन केन्द्र ।

**शोधपत्र**

सुवेदी, गोपालकृष्ण (२०६७), सि.डी. ७६६० मगर समुदायमा छात्राको शैक्षिक अवस्था ।

जि.वि.स. कार्यालय लमजुङ्गद्वारा प्रकाशित प्रतिवेदन

आ.व. २०६६/२०६७, लमजुङ्ग विकास वुलेटिन लमजुङ्ग

लमजुङ्ग जिल्ला संक्षिप्त चिनारी

## References

### In English

Bista, Dor Bahadur (1967). *People of Nepal*. Kathmandu: Ratna Pustak Bhandar.

Haralambos, Michael with Robin Heald (1980). *Sociology Themes and Perspective*. New Delhi: Oxford University Press.

Manandhar, Tirtha Bahadur and Krishna Prasad Shrestha (2003). *Population Growth and Education Development in Population Monograph of Nepal* Vol. 1, P. 213-272.

Molnar, Augusta, (1981). *Asian Highland Societies in Anthropological Perspective*, New Delhi: Sterling Pauls Press.

National Population and Housing Census 2012 National Report (CBS 2012)

# प्रश्नावली

लमजुङ्ग जिल्ला गाउँशहर गा.वि.स. वडा नं. ८ का मगरहरुलाई लक्षित गरी लिएको यी अध्ययन प्रश्नावली विशेष गरेर यहाँको मगर जातिको शैक्षिक अवस्थाबारे के-कस्ता रहेका छन् त भनेर अध्ययन अनुसन्धानका लागि तयार पारीएको प्रश्नावली हो, यसलाई तालिकामा प्रस्तुत गर्नको लागि छोटो, सहज र सरल रुपमा प्रस्तुत गर्न कोड नं. अपनाइएको छ ।

१. घर नं. ______ उत्तरदातको नाम (घरमुलीको नाम) ____________________

पेशा ______________ उमेर _________________ लिङ्ग _________________

शिक्षा _________________ फोन नं. _________________

| **क.सं.** | **नाम, थर** | **सम्बन्ध/ नाता** | **उमेर** | **लिङ्ग** | **भाषा** | **पेशा** | **साक्षरता** | **शैक्षिक योग्यता** | **वैवाहिक स्थिति** |
|---|---|---|---|---|---|---|---|---|---|
| १) | | | | | | | | | |
| २) | | | | | | | | | |
| ३) | | | | | | | | | |
| ४) | | | | | | | | | |
| ५) | | | | | | | | | |
| ६) | | | | | | | | | |
| ७) | | | | | | | | | |
| ८) | | | | | | | | | |

**साक्षरता**

निरक्षर - १

साक्षर - २

**शैक्षिक योग्यता**

प्रा.वि. - १

नि.मा.वि. - २

मा.वि. - ३

एस.एल.सी. - ४

उच्च मा.वि. - ५

स्नातक - ६

स्नातकोत्तर - ७

सोभन्दा माथि - ८

**वैवाहिक स्थिति**

अविवाहित - १

विवाहित (एकल) - २

वहुविवाहित - ३

विधवा/विदुर - ४

पारपाचुके/छोडपत्र - ५

छुट्टिएर बसेको - ६

२. तपाईले शिक्षालाई के का दृष्टिकोणबाट हेर्नुहुन्छ ?

क) शिक्षाबाट जान पाइन्छ

ख) लाहुरे वन्नको निम्ति

ग) छोरीलाई विवाह गर्न सजिलो

घ) छोरालाई विवाह गर्न सजिलो

ङ) शिक्षाबाट हरेक कुराको सही गलत छुट्टाउन सफल हुन्छ

च) शिक्षाले परम्परावादीको सोचमा फरक ल्याउँछ

छ) शिक्षाले गर्दा नै लैङ्गिक भेदभाव हटाउँछ

ज) शिक्षाले मानिसलाई चेतना दिई अगाडी बढाउँछ

३. तपाईले बीचैमा पढाई छाड्नु भएको हो ?

क) हो　　　　ख) होइन

४. तपाईले बीचैमा पढाई छाड्नु भएको भए कारण के थियो ?

क) आर्थिक कारण　　　　ख) पारिवारीक कारण

ग) पढ्नमा कमजोर　　　　घ) विद्यालय टाढा भएर

ङ) शिक्षकले गाली गर्ने पिट्ने भएर　　　　च) साथीहरुको लै लैहिमा लागेर

छ) पढेर के हुन्छ भनेर　　　　ज) पढ्न मन नलागेर

५. मगर समुदायमा छोरा र छोरीले गर्ने कामहरु के के हुन् ? जुनले काम गर्छ त्यसैमा (✓) चिन्ह लगाउनुहोस् । ध

| **काम** | **छोरा** | **छोरी** | **छोराछोरी दुवै** |
|---|---|---|---|
| घर सफा गर्ने | | | |
| कपडा धुने | | | |
| भाँडा सफा गर्ने | | | |
| व्यापार गर्ने | | | |
| भात पकाउने | | | |
| पूजा गर्ने | | | |
| अतिथि सत्कार | | | |
| खेतीपातीको काम | | | |
| गोठालो जाने काम | | | |

| | | | |
|---|---|---|---|
| सभा, कचारीमा जाने काम | | | |
| बालबच्चा हेर्ने काम | | | |
| रोजगारीमा जाने काम | | | |
| बढी हिँड्डुल गर्ने | | | |
| घरको काम भन्दा बाहिर बढी काम गर्ने | | | |

६. तपाईले छोरा र छोरीलाई एउटै किसिमको विद्यालय पढाउनु भएको छ ?

क) पढाएको छु    ख) पढाएको छैन

७. यदि पढाउनु भएको छैन भने किन ?

____________________

८. तपाईले छोराछोरीलाई कति कक्षासम्म पढाउने विचार छ ?

क) अक्षर चिने भै हाल्यो नि    ख) ८ सम्म

ग) एस.एल.सी. सम्म    घ) आई. ए. सम्म

ङ) बि.ए.सम्म    च) एम.ए. सम्म

छ) उनीहरुले जनि पढ्छु भने उति पढाइदिन्छु

९. तपाईको छोराछोरीले के पेशा गरोस् भन्ने लाग्छ ?

क) लाहुरे    ख) शिक्षक

ग) कार्यालयको काम    घ) डाक्टर

ङ) पाइलट    च) इन्जिनियर

छ) खेतीपातीको काम    ज) व्यापार, व्यवसाय

झ) गाई, बाखा, भैंसी धेरै पाल्ने काम    ञ) वकिल

ट) ड्राइभर    ठ) घर बनाउने काम

१०. तपाईको छोरीको विवाह को सँग होस् भन्ने लाग्छ ?

क) सामान्य व्यक्ति    ख) लाहुरे

ग) डाक्टर    घ) ड्राइभर

ङ) व्यापार, व्यवसाय सञ्चालन गरेको व्यक्ति    च) शिक्षक

छ) इन्जिनियर    ज) पाइलट

झ) कृषि काम गरेको व्यक्ति    ञ) वकिल

ट) मजदुरी गरेर भएपनि सुख सन्तोषसँग खान लाउनु दिने व्यक्तिसँग

११. तपाईको छोराछोरीलाई शैक्षिक स्तर वृद्धि गर्न तपाईले आफ्नो तर्फबाट के कस्ता उपायहरु अपनाउनु पर्ला ?

१२. तपाईको छोराछोरीलाई शैक्षिक स्तर वृद्धि गर्न सरकारको तर्फबाट के कस्ता उपायहरु अपनाउनुपर्ला ?

## विद्यालय जाने उमेरका केटाकेटी अन्तर्गत

विद्यार्थीको नाम, थरः ______________ कक्षा : ______________

रोल नं. : ______________ लिङ्ग : ______________

जन्म मिति : ______________ रुचि : ______________

सबैभन्दा मनपर्ने विषय : ______________ विद्यालयको नाम : ______________

विद्यालय आउन लाग्ने सममय : ___________

१. तपाई घरमा बोल्दा कुन भाषा बोल्नुहुन्छ ?

२. तपाईलाई घरमा पढ्ने समय मिल्छ कि मिल्दैन ?

३. पढ्ने समय मिल्दैन भने के कारणले हो त ?

४. यदि तपाईलाई पढ्ने समय मिल्छ भने बिहान बेलुका घरमा कति घण्टा पढ्नुहुन्छ ?

५. तपाईलाई घरमा पढ्न लेख्न सिकाइदिने व्यक्ति हुनुहुन्छ कि हुनुहुन्न ?

६. यदि हुनुहुन्छ भने कसले सिकाइदिनुहुन्छ ?

७. कतै तपाई कापी, किताब, कलम, ड्रेस आदिको समस्याबाट विद्यालय छाड्नुपर्ने स्थिति त परेको छैन ?

८. तपाईको पढाईप्रति पारिवारिक समर्थन (सहयोग) कस्तो छ ?

९. तपाई पढेर के गर्छु भन्ने विचार छ ?

१०. तपाईको पढाइको स्तर तपाई आफैलाई कस्तो छ भन्ने लाग्छ ?

११. तपाई आफूलाई शैक्षिक स्तरमा एकदम राम्रो मान्नुहुन्छ भने के कारण होला त ?

१२. यदि तपाई आफूलाई शैक्षिक स्तर कमजोर लाग्छ भने के-के कारण होलान् त ?

१३. विद्यालयको दुरीको हिसाबले तपाईको पढाइमा कतै असर परेको छ ?

१४. यदि परेको भए असर कस्तो असर परेको छ ?

## विद्यालय जाने उमेर पार गरेकोहरुलाई

मुख्य उत्तरदाताको नामः ______________ उमेर : ______________

शिक्षा : ______________ लिङ्ग : ______________

पेशा : ______________ फोन नं. : ______________

**तल उल्लेख गरिएका प्रश्नहरु वस्तुगत भएमा (✓) चिन्ह लगाउनुहोस् र विषयगत भएमा आफ्नो विचार लेख्नुहोस् ।**

१. तपाईहरुको समयमा विद्यालय कत्तिको टाढा थियो ?

२. तपाईहरु पढ्दाको समयमा छोराछोरी बराबरी रुपमा विद्यालय जान्थे ?

३. जादैन थिएन भने के कारण होला ?

४. छोरीहरुको तुलनाा छोराको बढी उपस्थिति हुनुमा रहस्यमय कुरा के थियो ?

५. आजभोलि शिक्षा दिनमा छोराछोरीलाई समान रुपमा हेरिन्छ कि हेरिदैन ?

६. तपाईहरु पढ्दा शिक्षाको कस्तो प्रकारको महत्व थियो ? कि थिएन ?

७. आजभोलि प्राय : यस गाउँका मगरहरु साक्षर बढी छन् जस्तो लो लाग्छ भने के कारण हुन् त ? साक्षर वा पढेलेखेका कमी छ भने के हुनसक्छन् कुराहरु ?

८. शिक्षा सम्बन्धी कुराहरुमा यस गाउँमा मगर जातिमा परीवर्तन आएकै हो त ? आएको भए के कारण हुन सक्छन् ? आएका छैनन् भने पनि के कारण होला त ?

९. "भनिन्छ पनि छ, पनि" जनजातिको स्थानमा जनसंख्याको आधारमा मगर जातिलाई पहिलो स्थान ओगट्न सफल छ भनेर, तर शिक्षाको हिसाबमा पनि पहिलोस्थान नै ओगटेको छ होला त ?

१०. अझ यस मगर जातिको शिक्षामा सुधार गर्नुपर्दा सरकारबाट के-कस्ता कार्यक्रम योजनाहरु लागु गर्नुपर्ला ?

११. तपाई आफैलाई पनि के लाग्छ ? आफ्ना जातिबारे शिक्षामा पहुँच हुन आफ्नो जातिको स्थानबाट के गर्दा अझ राम्रो होला त ?

१२. तपाई आफ्नै गाउँमा मगर जातिलाई अझ शिक्षामा अगाडि बढाउन के-कस्ता उपायहरु अपनाउँदा राम्रो हुन्छ भन्ने लाग्छ ?

## अभिभावकप्रति छलफल प्रश्नावली

अभिभावकको नाम थर: ______________ उमेर : ______________

शिक्षा : ______________ लिङ्ग : ______________

फोन नं. : ______________

१. तपाई आफ्नो छोरा-छोरीलाई शिक्षा दिनमा निम्ति समान दृष्टिकोणबाट त हेर्नुभएको छ ? कतै भेदभाव त गर्नु भएको छैन ?

२. यदि भेदभाव गर्नु भएको छैन भने केही कारण बुझ्न सकिन्छ कि ? बताइदिनुस् न ।

३. तपाईलाई कस्तो लाग्छ यी मगर जातिले शिक्षा लिनु भनेको लाहुरे हुनुका निम्ति र लाहुरेलाई छोरी दिन त पढाएका हैनन् ? (हो या हैन यी २ मा एकको कारण दिनुहोस्)

४. यदि तपाईले त्यो बेलामा पनि पढ्नुभएको हो भने तपाई विद्यालयमा गएर पढ्नु भयो कि कहाँ ?

५. तपाईहरु त्यो बेलामा नपढ्नुको मुख्य कारण के थियो ?

६. तपाईहरुको पालामा नपढेपनि लाहुरे हुन्थ्यो ?

७. तपाईहरु पढ्ने समयमा कुन खाले शिक्षा प्रणाली थियो ?

८. तपाईहरु पढ्दा पक्कै पनि सहज वातावरण थिएन होला हगि ?

९. तपाईलाई कस्ता लाग्छ त पहिला हेरी आजभोलि शिक्षामा धेरै सहभागी भएका हुन् त ?

१०. त्यसो भए आजभोलि शिक्षामा पहिलाको तुलनामा सुधार भएको मान्नुहुन्छ ?

११. सुधार भएको जस्तो लाग्छ भने के-के कुराले गर्दा होला त ?

१२. तपाईले आफ्नो छोराछोरीलाई पढ्नका लागि चाहिने सामाग्री उपलब्ध गराउन सक्नुभएको छ ?

१३. यदि सक्नुभएको छैन भने के कारणले होला त ?

१४. तपाईलाई यस शिक्षाप्रति मगर जातिलाई अझ प्रोत्साहन गरोस् भन्ने सरकारबाट कस्ता-कस्ता कुराहरु लागु भइदिए हुन्थ्यो जस्तो लाग्नछ ?

१५. तपाई आफ्नो तर्फबाट पनि यस शिक्षाप्रति कत्तिको उत्तरदायित्व भई लाग्न सक्नुहुन्छ ?